annapurnapost.com


अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १०१, पृष्ठ ८ | काठमाडौं, आइतबार २४ साउन २०८३ | श्रावण कृष्णपक्ष एकादशी नेपाल संवत् ११४६ | SUNDAY, AUGUST 9, 2026 | मूल्य : रु. १०


ग्यास हाहाकार, पेट्रोल आकासियो, बिजुली खपतमा सरकार अनुदार

मुलुकमा बर्सेनि ६० अर्बभन्दा बढीको एलपी ग्यास आयात हुन्छ। ४ खर्बभन्दा बढीको पेट्रोलियम पदार्थ आयात हुन्छ। यति हुँदाहुँदै पनि एलपी ग्यासको हाहाकार छ। पेट्रोलियम पदार्थको भाउ आकासिएको छ। तर, स्वदेशमै उत्पादित बिजुलीको उपयोग बढाउनेतर्फ सरकारको ध्यान फिटिक्कै छैन। उल्टै, साउनदेखि बिजुलीको उपयोग गरेबापत जनतामा कर थपिएको छ। बिजुली उत्पादनको क्षमता घटाउन निजी क्षेत्रका आयोजनालाई सरकारले दबाब दिइरहेको छ।

भवनाथ प्याकुरेल | *काठमाडौं*



पिक आवश्यमा माग
३०५९ मेगावाट



कुल बिजुली उत्पादन
४३०० मेगावाट


५० युनिटभन्दा बढी बिजुलीमा
५% भ्याट

पेट्रोल आयात
४ खर्ब (बर्सेनि)

एलपी ग्यास आयात
६० अर्ब
२८ करोड (बर्सेनि)

इन्फोग्राफिक्स : किरण श्रेष्ठ

८० प्रतिशतभन्दा कम उत्पादन गरिरहेका आयोजना



विस्तृत पृष्ठ २

प्रज्ञा-प्रतिष्ठानको नियुक्तिमा कानुनको धज्जी





पहिले : अघिल्लो कार्यकालमा कुलपतित्रयलाई शपथ गराउँदै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल।

अहिले: सरकारले नियुक्त गरेका तीनवटै प्रज्ञा-प्रतिष्ठानका कुलपतिको शपथपछि पर्यटनमन्त्रीसँगको सामूहिक फोटो।

प्रधानमन्त्रीले गराउनुपर्ने शपथ मन्त्रीबाट, 'मेरिट'का नाममा फोनबाटै पद वितरण !

अन्नपूर्ण | *काठमाडौं*

सरकारले तीनवटै प्रज्ञा-प्रतिष्ठानमा हालै गरेको नयाँ नियुक्ति प्रक्रिया र शपथ ग्रहण विवादित देखिएको छ। कानुनत: कुलपतित्रयलाई प्रधानमन्त्रीले शपथ ग्रहण गराउनुपर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि रास्वपा सरकारले यसपटक विभागीय मन्त्रीबाट शपथ गराएको छ। 'राजनीतिक नियुक्ति नगर्ने' र 'मेरिट' (योग्यता) का आधारमा प्राज्ञहरू छान्ने भन्दै सयौं जनाबाट आवेदन मागे पनि अन्त्यमा फोन गरेर पद बाँडिएको आरोप लागेको छ।

प्रतिष्ठानको पूर्वजिम्मेवार पदाधिकारीहरूले समेत शपथमा कानुन मिचिएको गुनासो गरेका छन्। नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र नेपाललालितकला प्रज्ञा-प्रतिष्ठानको ऐनअनुसार कुलपतिलाई प्रधानमन्त्रीले शपथ गराउनुपर्ने व्यवस्था छ। त्यसपछि कुलपतिले उपकुलपति, सदस्यसचिव र प्राज्ञ सभाका अन्य सदस्यहरू (प्रज्ञा-प्रतिष्ठानका हकमा ३४ जना र अन्यमा २३/२४ जना) लाई शपथ गराउनुपर्छ। तर, यसपटक प्रधानमन्त्रीले गर्नुपर्ने काम रास्वपाबाट सरकारमा गएका विभागीय मन्त्रीले गरेका छन्। यसअघि अघिल्लो सरकारका पालामा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री निवास बालुवाटारमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राई, संगीत तथा नाट्यका कुलपति निशा शर्मा र ललितकलाका कुलपति नारदमणि हार्तम्छालीलाई पद तथा गोपनीयताको शपथ गराएका थिए।

नेपाल प्रज्ञा-प्रतिष्ठानका निवर्तमान कुलपति भूपाल राई कानुनले स्पष्ट व्यवस्था गर्दागर्दै पनि वर्तमान सरकारले मनोमानी गरेको बताउँछन्। 'कुलपतित्रयको नियुक्ति प्रधानमन्त्रीले गर्ने हो, मन्त्रीले त सिफारिस मात्रै गर्ने भन्छ कानुनले,' उनले अन्नपूर्णसँग भने, 'सिफारिस समितिको अध्यक्ष मन्त्री र अरू दुईजना सदस्य रहेको समितिको सिफारिसमा प्रधानमन्त्रीले नै नियुक्ति गर्नुपर्छ।' राईका अनुसार त्यसपछि सबै कुलपतिहरूले उपकुलपति, सदस्यसचिव र सबै सदस्यलाई शपथ गराउने प्रावधान भए पनि अहिले जे गर्दा पनि हुन्छ भन्ने ढंगले कानुन मिचिएको देखिन्छ।

'मेरिट'को नाटक र फोनबाट नियुक्ति भएको भन्दै सामाजिक सञ्जालमा लेखक, स्रष्टाहरूले तीव्र आलोचना गरिरहेका छन्। अघिल्लो कार्यकालका पदाधिकारीहरूको करिब ७-८ महिना समय बाँकी छँदै सरकारले उनीहरूलाई हटाएर नयाँ नियुक्ति प्रक्रिया थालेको थियो। 'बाँकी काम पूरा गरेर जान ८ महिनाजति काम गर्न दिएको भए पनि हुन्थ्यो। त्यति पनि उनीहरूले पर्खिन सकेनन्,' एक प्रतिष्ठानका सदस्यले भने, 'राजनीतिक नियुक्ति अन्त्य गर्ने भन्दै सरकारले मिडिया ट्रायल गऱ्यो। अध्यादेश ल्याएर पदाधिकारी हटायो तर तत्काल नियुक्ति पनि गरेन।' नेपाल प्रज्ञा प्रतिष्ठानमा मात्रै करिब ४ देखि ५ सय जनाको आवेदन परेको जानकारी दिँदै अर्का एक प्राज्ञले भने, 'तर, आवेदन दिएकाहरूलाई मूल्यांकनको कुनै वैज्ञानिक मापदण्ड नै नबनाई आफू निकटका व्यक्तिहरूलाई फोन गरेर पदमा ल्याइएको पाएका छौं।

लोकसेवा आयोगको जस्तो रोस्टर तयार गरी ४८० बाट सर्टलिस्ट गर्दै ३००, २००, १०० हुँदै अन्तिम ३५ जना छान्नुपर्ने र त्यसको स्पष्ट मार्किङ हुनुपर्नेमा त्यसो नगरिएको सरोकारवाला बताउँछन्। 'त्यो मार्किङ कहाँ छ? कुन आवेदनको आधारमा नियुक्ति गरियो?,' आफूले पनि प्रक्रियाबाट आवेदन दिएको स्मरण गर्दै एक स्रष्टाले प्रश्न गरे, 'यदि कसैले सूचनाको हक प्रयोग गरेर मेरो मार्क कति हो भनेर माग्यो भने सरकारले के देखाउँछ? के राजनीतिक नियुक्ति हुँदैन भनेको यही हो?' आवेदन आह्वान गरेर पनि अन्त्यमा फोन गर्दै 'परिषद्मा बसिदिनुस्' भनेर पद बाँडिएको उनको दाबी छ।

कतिपय स्रष्टाहरूले सामाजिक सञ्जालमै आफूलाई परिषद्मा बस्न फोन आएको तर अस्वीकार गरेको भनी लेखेको सन्दर्भ जोड्दै उनले थपे, 'यसरी फोनको आधारमा मान्छे छनोट गर्ने हो भने मेरिट बेसिस कसरी भयो? अनि ती ४-५ सय आवेदन कहाँ गए?' सुशासन र विधिको शासनको दाबी गर्दै आएको वर्तमान सरकार र विभागीय मन्त्रीको यस्तो कदमले प्राज्ञिक संस्थाहरूको गरिमा घटाएको र कानुनको खिल्ली उडाएको भन्दै कला तथा साहित्य क्षेत्रमा गम्भीर असन्तुष्टि प्रकट भएको स्रष्टाहरूको भनाइ छ।

हिमपहिरोको ९ महिनापछि आधार शिविरमा भेटिए पाँच शव



भवानी खड्का | *दोलखा*

दोलखाको गौरीशंकर गाउँपालिका-९ स्थित रोल्वालिङ क्षेत्रमा पर्ने हिम शृंखलाअन्तर्गतको यलुङ री हिमालको आधार शिविरमा ५ जनाको शव फेला परेको छ। यलुङ री-आधार शिविरमा देखिएको ५ वटा शव गत वर्ष कात्तिक १७ गते यलुङ री आरोहणका क्रममा हिमपहिरोमा परेकाहरूको हुन सक्ने जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ। गत वर्ष कात्तिक १७ गते यलुङ री हिमाल आरोहणका क्रममा ५ विदेशीसहित २ नेपाली हिमपहिरोमा परेका थिए। हिमपहिरोमा परेका २ जनाको शव फेला परे पनि ५ जना बेपत्ता भएका थिए।

» बाँकी पृष्ठ ६

भारतीय पर्यटक आगमन

सेलिब्रिटीका पोस्टले बढाए धार्मिक पर्यटक

राधा खनाल | *काठमाडौं*

शनिबार बलिउड अभिनेत्री शिल्पा शेट्टी नेपाल आइपुग्नेबित्तिकै पशुपतिनाथ मन्दिर पुगिन्। काठमाडौंमा एक कार्यक्रमका लागि आएकी उनले वैदिक विधिअनुसार विशेष पूजा-आराधना गर्दै भगवान् शिवको दर्शन गरिन्। मन्दिर परिसरमा शिल्पाको उपस्थितिले नेपाली तथा भारतीय प्रशंसकहरूको उल्लेख्य भीड लागेको थियो।

हिन्दुहरूको आस्थाको केन्द्र तथा विश्व सम्पदा सूचीमा सूचीकृत पशुपतिनाथ मन्दिर पछिल्ला वर्षहरूमा केवल धार्मिक तीर्थस्थल मात्र नभई भारतीय चलचित्र उद्योगका चर्चित कलाकारहरूको पनि प्रमुख गन्तव्य बन्दै गएको छ। फिल्मको छायांकन, सांस्कृतिक कार्यक्रम, अवार्ड समारोह वा निजी भ्रमणका लागि नेपाल आउने अधिकांश भारतीय कलाकारहरूले भगवान् पशुपतिनाथको दर्शनलाई आफ्नो भ्रमण तालिकामा समावेश गर्ने गरेका छन्।

पछिल्ला वर्षहरूमा धेरै चर्चित भारतीय हस्तीहरूले पशुपतिनाथको भ्रमण गरेका छन्। १ अगस्ट २०२६ मा शिल्पा शेट्टी र विक्रान्त मेसीले पशुपतिनाथको दर्शन गरे। नेपाल भ्रमणका क्रममा शिल्पाले पशुपतिनाथ मन्दिरमा विशेष पूजा गरिन्। शिवभक्तका रूपमा परिचित उनले दर्शनपछि केही समय मन्दिर परिसरमा बिताएकी थिइन् भने विक्रान्त पनि मन्दिर दर्शनका लागि पुगेका थिए।

यसअघि जुन २०२६ मा भारतीय अभिनेता राकेश बेदी चलचित्र प्रवर्द्धनका लागि नेपाल आएका बेला पशुपतिनाथ पुगेका थिए। उनले त्यतिबेला नेपालको धार्मिक पर्यटनले दुई देशबीचको सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाएको प्रतिक्रिया दिएका थिए। मार्च २०२६ मा बलिउड अभिनेत्री सोनल चौहानले पशुपतिनाथमा पूजा गरी भगवान् शिवप्रति आफ्नो आस्था व्यक्त गरिन्। दर्शनपछिका तस्बिरहरू सामाजिक सञ्जालमा सार्वजनिक भएपछि उनका प्रशंसकहरूले व्यापक रूपमा सेयर गरेका थिए।

त्यसैगरी ९ जनवरी २०२६ मा बलिउड अभिनेता सञ्जय दत्तले नेपाल भ्रमणका क्रममा पशुपतिनाथ मन्दिरमा विशेष पूजा गरे। उनले लामो समयदेखिको इच्छा पूरा भएको प्रतिक्रिया दिँदै नेपाल बसाइका क्रममा स्थानीय संस्कृति र परिकारको पनि प्रशंसा गरे। डिसेम्बर २०२४ मा अभिनेत्री निया शर्माले पशुपतिनाथमा पूजा गर्नुका साथै ५२५ शिवलिंगको परिक्रमा गरिन्। उनले सामाजिक सञ्जालमा यसलाई 'जीवनकै अविस्मरणीय आध्यात्मिक अनुभव' भन्दै आफ्ना भावनाहरू साझा गरेकी थिइन्।

सन् २०१९ मा पूर्वभारतीय क्रिकेटर सचिन तेन्दुलकरले पशुपतिनाथमा विशेष पूजा गरेका थिए र त्यतिबेला उनले पोस्ट गरेको तस्बिर सामाजिक सञ्जालमा निकै भाइरल भएकोथियो। पशुपतिनाथको दर्शन गर्ने चर्चित भारतीय कलाकारहरूको सूची निकै लामो छ। विभिन्न समयमा अमिताभ बच्चन, अनुपम खेर, शत्रुघ्न सिन्हा, उदित नारायण झा, हेमा मालिनी, मनोज बाजपेयी, पंकज त्रिपाठी लगायतका कलाकार तथा उद्योगी-व्यवसायीहरूले नेपाल भ्रमणका क्रममा पशुपतिनाथ मन्दिरमा दर्शन र विशेष पूजा गरिसकेका छन्।



गत साता पशुपति दर्शनपछि अभिनेत्री शिल्पा सेट्टी।

नेपाल पर्यटन बोर्डका अनुसार नेपाल आउने विदेशी पर्यटकको सबैभन्दा ठूलो स्रोत मुलुक भारत हो, जसको महत्त्वपूर्ण आधार धार्मिक पर्यटन हो। खुला सीमा, साझा हिन्दु सभ्यता, भगवान् शिवप्रतिको समान आस्था तथा काठमाडौंसम्मको सहज पहुँचका कारण भारतीय श्रद्धालु र सेलिब्रिटी दुवैका लागि पशुपतिनाथ प्रमुख आकर्षण बनेको छ।

पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव तीर्थ श्रेष्ठ सेलिब्रिटीहरूका माध्यमबाट धार्मिक क्षेत्रको प्रचारप्रसार हुनु अत्यन्त सकारात्मक भएको बताउँछन्। श्रेष्ठ भन्छन्, 'हामीले अलिकति व्यवस्थित मात्र गर्न सक्यौं भने अन्य देशबाट पनि अझ धेरै धार्मिक पर्यटक भित्र्याउन सकिन्छ। पर्यटक आउनु मात्र ठूलो कुरा होइन, उनीहरूप्रति हामी जवाफदेही पनि हुनुपर्छ। पहिलो चरणमा व्यवस्थापनमा ध्यान दिनु आवश्यक छ। हामी कत्तिको व्यवस्थित छौं भन्ने कुरा महत्त्वपूर्ण हुन्छ।'

पछिल्लो समय भारतीय धार्मिक तीर्थयात्रीमध्ये 'स्वयंपाकी' (आफैं पकाएर खाने) तीर्थयात्रीहरूका विषयमा नकारात्मक ढंगले प्रचार गरिएकोमा श्रेष्ठले असन्तुष्टि जनाए। उनी थप्छन्, 'हामी यहाँनिर चुकेका छौं, छिटो टिप्पणी गरिहाल्छौं। नेपालीहरू पनि भारतमा तीर्थयात्रा गर्न जाँदा कतिपय अवस्थामा होटलमा नबसी आफैं पकाएर खान्छन्। त्यसैगरी भारतीय पर्यटकहरू पनि बाटोमा वा पाटी-पौवामा खाना पकाएर बस्छन्। त्यसमा नकारात्मक टिप्पणी गर्ने होइन, बरु त्यो त हाम्रै कमजोरी हो। उनीहरूलाई व्यवस्थित गर्नतर्फ राज्यको ध्यान जानुपर्छ। त्यसो गर्दा पर्यटकको चाप अझै बढ्दै जान्छ।'

» बाँकी पृष्ठ ६

बर्खामा बिजुलीको छेलोखेलो, खपत बढ्न नदिन कसको खेलोमेलो ?



फाइल फोटो



प्रसारण लाइन र ट्रान्सफर्मरले धान्न नसक्दा वर्षायाममा समेत उद्योगले पर्याप्त बिजुली पाउन सकेका छैनन्। उत्पादन र प्रणालीगत समस्या पनि विद्युत् आपूर्तिको बाधक बनेका छन्।

कमलेशकुमार अग्रवाल,
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स



'प्राविधिक समस्या आएमा कहिलेकाहीं उत्पादन रोक्नुपर्ने हुन्छ। तर, उत्पादन कम गर्न मन्त्रालयले कसैलाई पनि भनेको छैन। विद्युत् खेर जाने भए बैंकले लगानी किन गर्छन् ?'

सन्दीपकुमार देव,
प्रवक्ता, ऊर्जा मन्त्रालय



आन्तरिक माग बढाउनुका साथै अन्तरदेशीय विद्युत् व्यापारका विकल्प विस्तार गर्नुपर्छ। नयाँ स्थिर सरकार भएकाले बिजुली उत्पादनले फड्को मार्ने आशा लिएका छौं।

मोहन डाँगी,
अध्यक्ष, इप्पान



प्रसारण लाइन र ट्रान्सफर्मरको क्षमता बढाउनुपर्छ। विद्युत् खपत गर्ने उद्योगलाई सहुलियत दिनुका साथै बढी भएको बिजुली निर्यात र विद्युतीय सवारीसाधनको प्रयोग बढाउनुपर्छ।

कृष्णहरि बास्कोटा,
पूर्वअर्थसचिव

भवनाथ प्याकुरेल | *काठमाडौं*

अपर राहुघाट जलविद्युत् आयोजनाको उत्पादन क्षमता ४८.५ मेगावाट हो। तर, आयोजनाबाट हाल १७.४७ मेगावाट मात्र बिजुली उत्पादन भइरहेको छ। अर्थात् ३१.०३ मेगावाट बराबरको क्षमता उपयोग हुन सकेको छैन। चिमखोला राहुघाट मंगलेको पनि ३५.५ मेगावाट उत्पादन क्षमता हो। तर, १३.०६ मेगावाट मात्र उत्पादन भइरहेको छ।

अर्थात् क्षमताभन्दा २२.४४ मेगावाट कम बिजुली उत्पादन भइरहेको छ। यस्तै, ७८ मेगावाटको सान्जेनमा ५७.५८ मेगावाट, ३२ मेगावाटको करुवा सेतीमा १२.४३ मेगावाट र १८ मेगावाटको मिडल मोदीबाट २.५४ मेगावाट मात्र उत्पादन भइरहेको छ। बर्खाका बेला पूर्णक्षमतामा आयोजनाले बिजुली उत्पादन गर्ने अवस्था भए पनि नेपाल विद्युत् प्राधिकरणले नै कम क्षमतामा मात्र उत्पादन गर्न निजी आयोजनालाई निर्देशन दिएको छ।

प्राधिकरणले प्रसारण लाइन तथा सबस्टेसनको क्षमता नपुगेको, ग्रिडमा समस्या आएको र कतिपय अवस्थामा मागभन्दा उत्पादन बढी भएको भन्दै आयोजनालाई उत्पादन घटाउन निर्देशन दिएको निजी क्षेत्रका उत्पादन कम्पनी बताउँछन्। तर, मुलुकमा एलपी ग्यासको हाहाकार मच्चिएको र पेट्रोलियम पदार्थको भाउ आकासिएको बेला बिजुलीको आन्तरिक खपत बढाउनेतर्फ सरकारले ध्यान नदिएको भन्दै सरोकारवालाले असन्तुष्टि जनाएका छन्।

पूर्वसचिव कृष्णहरि बास्कोटा प्रसारण लाइन र ट्रान्सफर्मरको क्षमता बढाएर विद्युत् खपत गर्नेतर्फ सरकारको ध्यान नपुगेको बताउँछन्। 'यस्तो बेला उद्योगलाई सहुलियत दिनुका साथै बढी भएको बिजुली निर्यात गर्ने र विद्युतीय सवारीसाधनको प्रयोग बढाउनुपर्छ,' पूर्वसचिव बास्कोटा बताउँछन्।

वर्षायाममा नदीमा पानी बढ्दा जलविद्युत् उत्पादन क्षमतासम्म पुग्ने तर त्यही समयमा आन्तरिक माग र प्रसारण प्रणालीले सबै विद्युत् धान्न नसक्दा उत्पादन कटौती गर्नुपर्ने अवस्था आउने गरेको प्राधिकरणको भनाइ छ। अधिकांश जलविद्युत् आयोजना नदी प्रवाहमा आधारित भएकाले मौसमअनुसार उत्पादनमा ठूलो उतारचढाव हुने गरेको छ। यसको प्रत्यक्ष असर आयोजनाका प्रवर्द्धकमा पनि पर्छ। आयोजना निर्माणका लागि बैंक ऋण, सेयर लगानी र अन्य वित्तीय दायित्व बोकेका उत्पादकले आयोजना पूर्ण क्षमतामा सञ्चालन गर्न नपाउँदा विद्युत् बिक्रीबाट अपेक्षित आम्दानी गर्न नसक्ने एक निजी उत्पादक कम्पनीका सञ्चालक बताउँछन्।

ठूलो लगानी गरेर आयोजना निर्माण गरिसकेपछि प्रसारण प्रणालीको कमजोरी वा विद्युत् बजारको सीमितताका कारण उत्पादन घटाउनुपरेमा यसको भार उत्पादकमाथि पर्ने भन्दै निजी क्षेत्रले लामो समयदेखि प्रसारण पूर्वाधार विस्तार र विद्युत् व्यापारका वैकल्पिक बजार खोल्न माग गर्दै आएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले पनि आन्तरिक माग र अन्तरदेशीय बजारलाई ध्यानमा राखेर विद्युत् खरिद तथा व्यापारका विकल्प विस्तार गर्नुपर्ने माग गर्दै आएको छ।

कहाँ खपत गर्ने बिजुली ?

सरकारले आगामी वर्षहरूमा विद्युत् उत्पादन ठूलो मात्रामा बढाउने लक्ष्य लिएको छ। तर, बर्खाका बेला उत्पादित बिजुलीको पूरै उपयोग भइरहेको छैन। ऊर्जा खपत तथा निर्यात रणनीतिमा सन् २०९२ (२०३५) सम्म २८ हजार ५०० मेगावाट उत्पादन गर्ने लक्ष्य लिइएको छ। जसमा १३ हजार ५०० मेगावाट आन्तरिक खपत र १५ हजार मेगावाट निर्यातको लक्ष्य राखिएको छ।

तर, अहिले नै जडित क्षमताको ठूलो हिस्सा उपयोग गर्न नसकिएको अवस्थामा उत्पादन क्षमता थप्नुका साथै प्रसारण पूर्वाधार, आन्तरिक विद्युत् खपत र निर्यात बजार विस्तार नगरेसम्म लगानीकर्ताले निर्माण गरेको क्षमता कागजमै सीमित हुने जोखिम देखिएको पूर्वसचिव कृष्णहरि बास्कोटा बताउँछन्। त्यसैले ऊर्जा उत्पादकका लागि समस्या केवल 'उत्पादन कम भयो' भन्ने होइन, उत्पादन गर्न सक्ने क्षमता हुँदाहुँदै पनि प्रणालीले विद्युत् लिन नसक्ने अवस्था हो। सरकारले जलविद्युत् उत्पादनको लक्ष्यसँगै उत्पादित विद्युत्को सुनिश्चित बजार, प्रसारण पूर्वाधार र क्षतिपूर्तिसहितको स्पष्ट 'कर्टेलमेन्ट' व्यवस्था गर्नुपर्ने देखिएको पूर्वसचिव बास्कोटा बताउँछन्।



फाइल फोटो

ग्यासको अभाव, विद्युतीय चुल्होका लागि छैन सहुलियत

हाल देशैभर खाना पकाउने एलपी ग्यासको अभाव छ। त्यसैकारण सर्वसाधारण दैनिक जीवनमा सास्ती खेप्न बाध्य छन्। बजारमा ग्यास सिलिन्डर सहज रूपमा उपलब्ध नहुँदा उपभोक्ताले लामो समय लाइन बस्नुपर्ने अवस्था सिर्जना भएको छ। वैकल्पिक इन्धनको प्रयोग बढे पनि त्यसले सबैको आवश्यकता पूरा गर्न सकेको छैन। तर, इन्डक्सन चुल्हो वितरणमा सहुलियत दिने र बिजुलीको उपयोगतर्फ सर्वसाधारणलाई आकर्षित गर्नेतिर सरकारको ध्यान छैन।

उल्टै ५० युनिटभन्दा बढी बिजुली प्रयोग गरे ५ प्रतिशत कर थोपरेको छ। यता, पानीको बहाव बढेका बेला निजी आयोजनाबाट उत्पादित विद्युत् घटाउन प्राधिकरणले भन्ने गरेको निजी जलविद्युत् कम्पनीहरूको गुनासो छ।

यसैगरी प्रसारण लाइन र ट्रान्सफर्मरले विद्युत्को क्षमता नधानेका कारण वर्षायामको समयमा पनि उद्योगमा बिजुली पुग्न सकेको छैन। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले उत्पादन र प्रणालीगत समस्याका कारण उद्योगले पर्याप्त बिजुली नपाएको गुनासो गरे। 'सरकारले मासिक ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने घरपरिवारमाथि पाँच प्रतिशत भ्याट लगाएको छ,' उनले भने, 'एकातिर पेट्रोलियम पदार्थ आयात हुँदा देशलाई क्षति भइरहेको छ भने सरकारले विद्युत्मा कर लिनु उचित देखिएको छैन। यस्तो बेला विद्युत् उत्पादन बढाई पेट्रोलियम पदार्थ आयातलाई प्रतिस्थापन गर्नुपर्ने हो। तर सरकार उल्टो बाटो हिँडिरहेको छ।'

४ खर्बको पेट्रोल, ६० अर्बको ग्यास आयात

आर्थिक वर्ष २०८२/८३ मा करिब ४ खर्ब बराबरको पेट्रोलियम पदार्थ आयात भएको थियो। भन्सार विभागका अनुसार सबैभन्दा बढी डिजेल आयात भइरहेको छ। विभागका अनुसार गत आव १ खर्ब ७२ अर्ब ४२ करोड ८७ लाख २३ हजार रुपैयाँ बराबरको १३ लाख ९३ हजार ३ सय ३४ किलोलिटर डिजेल आयात भएको थियो।

डिजेलपछि बढी आयात हुने इन्धनमा पेट्रोल छ। ७७ अर्ब २६ करोड ५० लाख ११ हजार रुपैयाँबराबरको ७ लाख ५१ हजार ६ सय ४२ किलोलिटर पेट्रोल आयात भएको थियो। यस्तै, एक वर्षमा ६० अर्ब २८ करोड ६ लाख २४ हजार रुपैयाँको ५२ करोड ५ लाख २५ हजार १ सय ९२ केजी (करिब ५ लाख २० हजार मेट्रिक टन) एलपी ग्यास आयात भएको छ। त्यति हुँदाहुँदै पनि बजारमा ग्यासको हाहाकार छ।

वर्षायामको बिजुली खेर

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले उच्च उत्पादन हुने बर्खाको समयमा १ देखि २ सय मेगावाटसम्म बिजुली खेर जान सक्ने औंल्याएको छ। बर्खाका बेला उत्पादन बढी हुने, तर बढी उत्पादित बिजुलीको खपत कसरी गर्ने भन्ने रणनीति सरकारसँग नभएको निजी उत्पादकहरूको आरोप छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले भने बिजुली खेर नगएको दाबी गरेको छ। मन्त्रालयका प्रवक्ता तथा सहसचिव सन्दीपकुमार देवले प्राविधिक कारणले गर्दा कहिलेकाहीं उत्पादन बन्द गर्नु भनेर निजी क्षेत्रलाई आग्रह गरिए पनि कम उत्पादन गर्न निर्देशन नदिएको बताएका छन्।

३६ आयोजनाबाट कम उत्पादन

निजी लगानीका ३६ वटा जलविद्युत् आयोजनाको कुल जडित क्षमता ८६०.०८ मेगावाट छ। तर, ती आयोजनाबाट औसत उत्पादन ६४२.७७ मेगावाट मात्रै छ। अर्थात् जडित क्षमताको तुलनामा २१७.३१ मेगावाट कम विद्युत् उत्पादन भइरहेको छ। समग्रमा यी आयोजनाको क्षमता उपयोग दर करिब ७४.७ प्रतिशतमात्रै देखिन्छ। यसको अर्थ करिब एक चौथाइ अर्थात् २५.३ प्रतिशत जडित क्षमता उपयोग हुन सकेको छैन।

अझ चिन्ताजनक पक्ष, ३६ आयोजनामध्ये १४ आयोजनाको उत्पादन दर ८० प्रतिशतभन्दा कम छ। यी आयोजनाको जडित क्षमता मात्रै ४१३.८ मेगावाट छ, जुन तालिकामा समेटिएका आयोजनाको कुल जडित क्षमताको करिब ४८ प्रतिशत हो। ६ आयोजनाको उत्पादन ५० प्रतिशतभन्दा पनि कम छ। तथ्यांकअनुसार मिडल मोदीको उत्पादन दर सबैभन्दा कम १४.१२ प्रतिशत छ। १८ मेगावाट जडित क्षमता रहेको यो आयोजनाले औसतमा २.५४ मेगावाट मात्र उत्पादन गरेको छ। त्यस्तै अपर राहुघाटको उत्पादन दर ३६.०२ प्रतिशत, चिमखोला राहुघाट मंगलेको ३६.७९ प्रतिशत, माथिल्लो थुलो खोलाको ३७.२८ प्रतिशत, करुवा सेतीको ३८.८३ प्रतिशत र थुलो खोलाको ४२.३९ प्रतिशत छ। यसरी हेर्दा ६ आयोजनाले जडित क्षमताको आधा पनि उत्पादन गर्न सकेका छैनन्।

नीतिमा चुकेको सरकार

मुलुकले प्रत्येक वर्ष पेट्रोलियम पदार्थ आयातमा अर्बौं रुपैयाँ खर्च गरिरहेको छ । तर, स्वदेशमै उत्पादन भएको विद्युत् भने प्रसारण पूर्वाधारको कमजोरी, सीमित आन्तरिक खपत र विद्युत् खरिद व्यवस्थापनका कारण पूर्ण रूपमा उपयोग हुन सकेको छैन। उद्योगहरूले पर्याप्त बिजुली नपाएको गुनासो गरिरहेका बेला वर्षायाममा उत्पादन भएको विद्युत्समेत खेर जाने अवस्था देखिएको छ। एकातिर महँगो विदेशी इन्धन आयातमा निर्भरता बढ्दै जाने, अर्कोतर्फ स्वदेशी स्वच्छ ऊर्जाको उपयोगमा कडाइ हुने वर्तमान अवस्था ऊर्जा नीतिको विरोधाभासका रूपमा देखिएको छ। विज्ञहरूले पेट्रोलियमको आयात घटाउँदै विद्युत्को आन्तरिक खपत बढाउने नीति अब अपरिहार्य भएको बताएका छन्। ऊर्जा मन्त्रालयले भने सरकारले खपत बढाउन लागिरहेको बताएको छ।

विद्युत् खपत बढाउने तरिका

- विद्युतीय सवारीसाधनको प्रयोग विस्तार गरी सार्वजनिक तथा निजी यातायातलाई विद्युत्मा रूपान्तरण गर्ने।
- एलपी ग्यासको सट्टा विद्युतीय चुलो (इन्डक्सन) प्रयोगलाई प्रोत्साहन गर्दै सहुलियत दर र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
- उद्योगहरूलाई भरपर्दो र निरन्तर विद्युत् आपूर्ति सुनिश्चित गरी डिजेलबाट चल्ने उद्योगलाई विद्युत्मा रूपान्तरण गर्न प्रेरित गर्ने।
- प्रसारण लाइन, सबस्टेसन र ट्रान्सफर्मरको क्षमता विस्तार गरी उत्पादित विद्युत् खेर जान नदिने।
- राति र अफ-पिक समयमा सहुलियत महसुल लागू गरी उद्योग र उपभोक्तालाई बढी विद्युत् प्रयोग गर्न आकर्षित गर्ने।
- कृषि क्षेत्रमा विद्युतीय सिँचाइ, कोल्ड स्टोर र कृषि उपकरण विस्तार गर्ने।
- घरेलु तथा व्यावसायिक क्षेत्रमा विद्युतीय पानी तताउने, हिट पम्प र अन्य विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन गर्ने।
- विद्युतीय रेल, केवलकार तथा सार्वजनिक यातायात जस्ता ठूला परियोजनामा विद्युत्को उपयोग बढाउने।
- विद्युतीय पूर्वाधारमा निजी लगानी र नीतिगत स्थिरता सुनिश्चित गर्ने।
- पेट्रोलियम आयात घटाउने र विद्युत् प्रयोग बढाउने स्पष्ट राष्ट्रिय ऊर्जा नीति लागू गर्ने।

बढाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। मन्त्रालयका अनुसार वर्षायाममा जलविद्युत् उत्पादन बढ्ने भएकाले उपलब्ध विद्युत्को प्रभावकारी उपयोग आवश्यक भएको हो। ग्यास, पेट्रोलियम पदार्थ तथा दाउराको प्रयोगलाई क्रमशः घटाउँदै विद्युतीय चुलो, विद्युतीय सवारीसाधन, हिटर तथा अन्य आधुनिक उपकरणको प्रयोगलाई प्रोत्साहन गरिने बताइएको छ।

पूर्वअर्थसचिव बास्कोटा अहिले भइरहेको ट्रान्समिसन लाइन, ट्रान्सफर्मर जस्ता विद्युतीय उपकरण परिवर्तन गर्नुपर्नेमा जोड दिन्छन्। यस्तै बास्कोटाले विद्युत् प्रयोग गर्ने मल, सिमेन्ट जस्ता उद्योगलाई विद्युत्मा छुट दिई स्वदेशमा भित्र्याउनुपर्ने बताए। बढी भएको बिजुली भारतलाई बेच्नुपर्ने र विद्युत् उत्पादन गर्ने ठूला आयोजना बनाउनुपर्ने उनको भनाइ छ। ऊर्जा विज्ञहरूले विद्युत् खपत वृद्धि केवल उपभोग बढाउने विषय मात्र नभई स्वच्छ ऊर्जा प्रवर्द्धन, वातावरण संरक्षण र दिगो आर्थिक विकाससँग पनि जोडिएको बताएका छन्। उनीहरूले सुरक्षित र मितव्ययी ढंगले विद्युत् प्रयोग गर्दै विद्युतीकरणको दायरा विस्तार गर्नुपर्नेमा जोड दिएका छन्।

बिजुलीको उत्पादन कति हो ?

इप्पानका अनुसार हाल ४ हजार ३ सय मेगावाट उत्पादन भइरहेको छ। जसमा ३ हजार ५ सय निजी क्षेत्रले उत्पादन गरिरहेको छ भने ८ सय मेगावाट सरकारी स्वामित्वका कम्पनीको योगदान छ। प्राधिकरणले २०८२ असोज ६ गते ३ हजार ५९ मेगावाट 'पिक आवर' मा माग रहेको जनाएको छ।

यस्तै प्राधिकरणले ४० मेगावाट बंगलादेश निर्यात गरिरहेको छ भने १ हजारदेखि ११ सयसम्म आवश्यकताअनुसार भारतमा बिजुली निर्यात गरिरहेको छ। त्यसैगरी हिउँदको समयमा १ हजार ८६ मेगावाटसम्म भारतबाट बिजुली आयात हुने गरेको ऊर्जा मन्त्रालयले जनाएको छ।

यो वर्ष ६ सय मेगावाट थपिने

ऊर्जा मन्त्रालयका अनुसार यस आर्थिक वर्षमा लगभग ६ सय मेगावाट राष्ट्रिय प्रसारण लाइनमा जोडिँदै छ। जसमा ४० मेगावाट सरकारी आयोजनाको हुनेछ भने बाँकी निजी क्षेत्रका आयोजनाको बिजुली थप हुनेछ।

२०३५ सम्म साढे २४ हजार मेगावाट लक्ष्य

सरकारले आगामी ५ वर्षमा ११ हजार २९ मेगावाट विद्युत् उत्पादन गर्ने अनुमान गरेको छ। जसमा निजी र सरकारी आयोजना दुवैको योगदान रहनेछ। यसमा निजी क्षेत्रको योगदान बढी हुने ऊर्जा मन्त्रालयले जनाएको छ।

सरकारले सन् २०३५ सम्म २४ हजार ५ सय मेगावाट उत्पादन गर्ने लक्ष्य राखेको छ। ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ अनुसार सन् २०३५ सम्ममा प्रतिव्यक्ति विद्युत् खपत १ हजार ५ सय युनिट पुऱ्याउने लक्ष्य लिइएको छ।

यस्तै, कुल जडित क्षमता २८ हजार ५ सय मेगावाट पुऱ्याई करिब १३ हजार ५०० मेगावाट आन्तरिक खपतका लागि तथा करिब १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने सरकारी लक्ष्य छ। यस्तै, क्षमता विकास गरी उत्पादन, प्रसारण तथा बजार प्रणालीबीच समन्वय गरी द्विपक्षीय र उपक्षेत्रीय बजारमा नेपाललाई विश्वसनीय स्वच्छ ऊर्जा आपूर्तिकर्ताका रूपमा स्थापित गर्ने सरकारी लक्ष्य छ। इप्पानका अध्यक्ष मोहन डाँगीले ऊर्जा उत्पादन बढाउन 'वन डोर सिस्टम' (एकद्वार प्रणाली) लागू गर्नुपर्ने बताए। नयाँ सरकार आएपछि आशावादी भएको र आउने दिनमा निजी लगानी भित्र्याउनुपर्नेमा उनले जोड दिए।

भारत आयात-निर्यातको तथ्यांक

आर्थिक वर्ष २०८२/८३ मा भारत र बंगलादेशमा गरी २९ अर्ब ३२ करोड ४७ लाख रुपैयाँको बिजुली निर्यात भएको थियो। भारतबाट सुक्खायाममा १० अर्ब २२ करोड ७४ लाखको बिजुली आयात भएको थियो। एकै वर्षमा बिजुली व्यापारमा १९ अर्ब ९ करोड ७२ लाख रुपैयाँ नाफा भएको छ। हाल औसतमा १ हजार ३ सय ७ मेगावाट निर्यात भइरहेको ऊर्जा मन्त्रालयले जनाएको छ।

बालेनको वाचाले रोकिएनन् युवा

नयाँ सरकार आएपछि गत असार महिनामा मात्रै ६९ हजार ३ सय ६२ नेपाली रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकतर्फ उडेका छन्

किरण अधिकारी | *काठमाडौं*

सरकार फेरिए, नयाँ नेता आए र स्वदेशमै सम्मानजनक रोजगारी दिने ठूला-ठूला वाचा पनि गरिए। तर, त्रिभुवन विमानस्थलको वैदेशिक रोजगारतर्फको ढोकामा लाग्ने युवाको लामो लाइन भने घट्न सकेको छैन।

चुनावी मैदानदेखि सत्ताको कुर्सीमा पुग्दासम्म श्रम र रोजगारीका नयाँ आशा बाँडेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने तथा प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' को 'वाचापत्र' ले पनि युवाको वैदेशिक रोजगारीको बाटो मोड्न सकेको छैन।

वैदेशिक रोजगार विभागको पछिल्लो तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८२/८३ मा ७ लाख ५२ हजार १७३ नेपालीले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्। यो संख्या अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ७ लाख ९८ हजार २ सय ६६ को तुलनामा ५.८१ प्रतिशत अर्थात् ४६ हजार ९३ ले कम हो। तथ्यांकमा केही गिरावट देखिए पनि त्रिभुवन विमानस्थलबाट बाहिरिने युवाको दैनिकी र उनीहरूको बाध्यता भने उस्तै छ। नयाँ सरकार आएपछि असार महिनामा मात्रै ६९ हजार ३ सय ६२ नेपाली रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकतर्फ उडेका छन्।

छायानाथ रारा-७ की प्रकृति शाही, जो अहिले अध्ययनका लागि युके जाने तयारीमा छिन्। 'नयाँ सरकारले रोजगारी देला कि भन्ने आशा त थियो, तर पक्का भने थिएन। देशमै युवालाई रोजगार दिने सरकारले प्रतिबद्धता गरे पनि हालसम्म दिन सकेको छैन,' उनले विश्वस्त हुँदै सुनाइन्, 'म आफ्नो अध्ययनका लागि जाँदै छु। आफूले गरेको अध्ययन आफ्नै देशमा फर्केर प्रयोग गर्न पाऊँ। म अध्ययन पूरा गरेर फर्किँदासम्म देशमै रोजगारी सिर्जना होस् भन्दै सरकार र म आफू दुवैलाई शुभकामना दिन चाहन्छु।'

सरकारी दाबी र वाचापत्रका पानाहरूमा रोजगारीका सपना सजाइए पनि भुइँतहका युवामा त्यसको खासै विश्वास देखिँदैन। रास्वपाले सरकार गठनअघि सार्वजनिक गरेको १०० दिने प्राथमिकता तथा 'सार्वजनिक नागरिक करार' (वाचापत्र) मा पाँच वर्षभित्र १२ लाख रोजगारी सिर्जना गर्ने, सूचना प्रविधि, कृषि, पर्यटन र उद्योग क्षेत्रमा रोजगारी विस्तार गर्ने र युवाको विदेश पलायन घटाउने लक्ष्य राखेको थियो। तर, व्यवहारमा न्यून पारिश्रमिक, अस्थिर रोजगारी, सीमित औद्योगिक विस्तार र बढ्दो महँगीका कारण युवाहरू जोखिम मोलेरै भए पनि बिदेसिन बाध्य छन्।



प्रकृति शाही, मुगु



खेमकुमारी दाहाल, झापा



धीरज सोमे मगर, पाल्पा



जनक रोक्का मगर, रुकुमपूर्व

वैदेशिक रोजगारीका लागि साउदी अरेबिया जान लागेका पाल्पा माथागढी गाउँपालिका-२ का धिरज सोमे मगर देशमा रोजगारीको अवस्था भए विदेशिने रुचि नभएको बताउँछन्। 'म त्यति राजनीति जान्दैन, तर सरकारले १०० दिनमा युवालाई रोजगारी दिन्छ रे भनेको त सुनेको हो,' उनी भन्छन्, 'तर खासै विश्वास त लागेको थिएन। अब अहिले नै रोजगारी दिन नसके पनि सरकारले देशमै रोजगारको व्यवस्था गरिदियोस्।'

बिदेसिने युवाको संख्यामा सामान्य गिरावट आए पनि उनीहरूले पठाउने रेमिट्यान्स (विप्रेषण) भने निरन्तर बढ्दो क्रममा छ। यसले मुलुकको विदेशी मुद्रा सञ्चितिमा सकारात्मक योगदान पुऱ्याइरहेको भए पनि यसको पछिल्लो मूल्य भने दक्ष र ऊर्जाशील जनशक्तिको पलायन बन्न पुगेको छ।

कतारतर्फ उड्न लागेका रुकुमपूर्व भूमे गाउँपालिका-६ का जनक रोक्का मगर आफ्नो रहर नभई बाध्यताले विदेशिनु परेको खुलाउँछन्। 'नयाँ सरकार बनिरहँदा देशमै युवालाई रोजगार दिलाउने भन्ने आश्वासन दिइएको छ, तर त्यो आश्वासनमै सीमित भयो। दैनिक सयौं युवाहरू रोजगारीकै लागि बिदेसिनु रहर होइन, बाध्यता हो,' त्रिभुवन विमानस्थलमा भेटिएका मगर भन्छन्, 'विदेश नगएर नि के गर्ने ? देशमा रोजगारी छैन, सधैं बेरोजगार बसेर भएन। पहिलाभन्दा केही सुधार त भएको छ, तर रोजगार छैन। अब अहिलेको सरकारबाट हामीले रोजगार नपाएर बिदेसिनु परे पनि आउने दिनमा हाम्रा छोराछोरी, भाइबहिनीले बिदेसिनु नपरोस्।'

सरकारले वाचापत्रमा शिक्षा र श्रम बजारबीच समन्वय गर्ने, विश्वविद्यालयलाई नवप्रवर्तनको केन्द्र बनाउने र उद्योग-शिक्षा सहकार्यमार्फत दक्ष जनशक्ति उत्पादन गर्ने योजना अघि सारेको थियो। तर, ती योजनाहरूको कार्यान्वयन कुन चरणमा छ भन्ने युवाहरूले थाहा पाएका छैनन्। पुराना सरकारहरूको अस्थिरता र नीतिगत निरन्तरताको अभावले समस्या उत्पन्न भएको बुझाइ पनि कतिपय युवाको छ। भिजा पाएर जापान जान लागेकी झापा गौरादहकी खेमकुमारी दाहाल सरकारलाई मुखले भन्दा काम गरेर देखाउन आग्रह गर्छिन्। भन्छिन्, 'सरकारले रोजगारी देला भन्ने त थियो, तर १०० दिनमै देला भन्ने त थिएन।

पुराना सरकारहरूले पनि रोजगारीका अवसर भन्नेबित्तिकै दिन सकेनन्। अहिलेको सरकारको कार्यकाल अलि लामो पनि छ, पुरानो सरकार स्थिर नभएका कारण पनि रोजगारीको अवस्था सिर्जना नभएको हो कि जस्तो लाग्छ।' अहिलेको सरकार पूर्णरूपमा पाँच वर्ष चले सकारात्मक नतिजा निस्कनेमा उनी आशावादी छन्।

युवा, श्रम तथा रोजगार मन्त्रालयका प्रवक्ता पितम्बर घिमिरे भने अहिले वैदेशिक रोजगारमा जानेको संख्यामा कमी आएको बताउँदै तर कारण भने एउटमात्र नभएको जिकिर गर्छन्। 'प्रमुख कारण त पश्चिमा देशहरूमा भइरहेको युद्धलाई पनि लिन सकिन्छ। वैदेशिक रोजगारमा जानेको संख्या घट्नुलाई सरकार, निजी क्षेत्र, व्यवसाय तथा अन्य सीपमूलक कार्यमा जोड्दै लग्ने लक्ष्य रहेको छ,' उनको भनाइ छ, 'आगामी ५ वर्षमा धेरैभन्दा धेरै रोजगारी सिर्जना गरी स्वदेशमै अवसर दिने प्रयत्न भइरहेको छ। रेमिट्यान्स बढ्नुमा सीपयुक्त नागरिक विदेश जाने र बढी आम्दानी गर्ने कारण पनि हो।'

'सरकार लिक बाहिर गए कान समातेर ल्याउँछौं'



अन्नपूर्ण | *काठमाडौं*

- वर्तमान राजनीतिक वातावरणका सानातिना उतारचढावबाट नआत्तिन र राजनीतिक अस्थिरतासम्बन्धी हल्लालाई 'विकेन्ड स्न्याक्स' मात्र मान्न आग्रह।
- विगतका नेतृत्वलाई दोष दिएर उम्किने होइन, अबको जिम्मेवारी र उत्तरदायित्व आफूहरुले लिने स्पष्टता।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सरकारले आफ्नो बाचाअनुसार काम नगरे वा बाटो बिराएमा आफ्नै पार्टीले कान समातेर पुनः सही ट्र्याकमा ल्याउने सामर्थ्य राख्ने दाबी गरेका छन्।


शनिबार साँझ काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै सभापति लामिछानेले देशको वर्तमान राजनीतिक वातावरण र सानातिना उतारचढावबाट नआत्तिन आग्रह गरे। विगतका नेतृत्वलाई दोष देखाएर उम्किने पक्षमा आफूहरू नरहेको स्पष्ट पार्दै सभापति लामिछानेले अबको सम्पूर्ण जिम्मेवारी र उत्तरदायित्व आफूहरूले लिने बताए। 'हामीले एक मान्छेले अर्को मान्छेलाई प्रमिस गऱ्या होइन। हामीले हिस्ट्रीलाई प्रमिस गऱ्या हो, यो देशलाई, यो देशको जेनेरेसनलाई, आउने जेनेरेसनलाई प्रमिस गरेको हो। त्यसकारणले आफ्नो बाचा, आफ्नो प्रतिबद्धताबाट पछाडि हट्ने, भागने छुट हामी कसैलाई पनि छैन,' उनले थपे, 'सरकारले आफ्नो बाचा, आफ्नो लक्ष्यअनुसार काम गर्छ। सरकारले काम गरेन छ भने हामीसँग राजनीतिक पार्टी छ। बाटो बिरायो भने सरकारलाई जतिखेर पनि कान समाउन सक्ने क्षमता पोलिटिकल पार्टीले जहिले पनि राख्छ।' सरकारको कामकारबाही र बजारमा फैलिएका राजनीतिक अस्थिरताका हल्लाहरूलाई केवल 'विकेन्ड स्न्याक्स'को रूपमा लिन आग्रह गरे। 'कहीँ कतै सुनिन्छ कहिलेकाहीं योचाहिँ केही गडबड भयो कि, केही बिग्रियो कि, अलिकति राजनीतिक रूपमा अप्ठ्यारो पऱ्यो कि, झगडा पो पऱ्यो कि भने जस्ता कहिलेकाहीं रुमर्सहरू आउँछन्,' उनले भने, 'ती रुमर्सहरूलाई तपाईंहरूले मतलब आज विकेन्ड पनि हो, ती रुमर्सहरूलाई आज स्न्याक्सको रूपमा ग्रहण गर्नुहोला। त्यो रुमर्स स्न्याक्स मात्रै हो, त्यसको खासै त्योभन्दा बढी भ्यालु केही पनि छैन।'

लामिछानेले हवाई उडानको उदाहरण दिँदै सरकार र देशको अवस्थाप्रति थप आश्वस्त पारे। उनले भने, 'अलिकति टर्बुलियन्सहरू कहिलेकाहीं आइरहन्छन् यो यात्रामा। हिँडिरहँदाखेरि बाटोमा कहिलेकाहीं बादलका टुक्राहरूमा जहाज छिर्दाखेरि जहाज हल्लिन्छ। तर, जहाज हलियो भन्दैमा लौ दुर्घटनामा पर्ने भयो कि, खसिहाल्ने भयो कि भनेर डर मान्नु पनि पर्दैन। सिट ब्याक एन्ड रिल्याक्स, हामी सही ढंगले, असल नियतका साथ यो जहाजलाई गन्तव्यमा पुऱ्याउँछौं।'

निजी क्षेत्रमा देखिएको अन्योलता र त्रासप्रति लक्षित गर्दै लामिछानेले व्यावसायिक क्षेत्रलाई आतंकित पार्न नहुनेमा जोड दिए। व्यापार व्यवसाय गर्दा कानुन परिपालनमा केही कमजोरी भएका भए तिनलाई आर्थिक अपराधका रूपमा हेरिनुपर्ने र अन्य अपराधी जसरी समात्ने वा थुन्ने त्रासमा व्यवसायीले काम गर्न नसक्ने उनको भनाइ थियो।

सरकार बनेको चार महिना मूल्यांकनका लागि पर्याप्त नभए पनि प्राप्त सल्लाह र सुझावलाई मनन गर्दै अघि बढ्ने प्रतिबद्धता जनाउँदै उनले सरकार पूर्ण रूपमा जिम्मेवार भएर काम गर्ने विश्वास दिलाए।

मनोविज्ञानलाई क्लिनिकको घेराबाट समुदायसम्म पुऱ्याइने



अन्नपूर्ण | *काठमाडौं*

रोग लागेपछि उपचार खोज्ने परम्परागत मनोविज्ञानको घेरालाई भत्काउँदै अब मानसिक स्वास्थ्यलाई रोकथाम, प्रवर्द्धन र समुदायको सशक्तीकरणसँग जोड्ने ऐतिहासिक संकल्पसहित 'काठमाडौं घोषणापत्र-२०२६' जारी गरिएको छ। 'व्यवहार विज्ञानको विकास: बहुविधागत र अन्तरसांस्कृतिक दृष्टिकोण' भन्ने मूल नाराका साथ काठमाडौंमा सम्पन्न 'प्रथम अन्तर्राष्ट्रिय व्यावहारिक मनोविज्ञान सम्मेलन-२०२६' ले उक्त घोषणापत्र पारित गरी जारी गरेको हो।

नेपालसहित विश्वभरका २२ देशका मनोवैज्ञानिक, अनुसन्धानकर्ता, प्राध्यापक, विद्यार्थी, नीतिनिर्माता र सरोकारवाला सहभागी सम्मेलनले मनोविज्ञानलाई अब अस्पतालका बन्द कोठा र विश्वविद्यालयका ठेलीबाट बाहिर निकालेर सीधै जनमानस र समुदायसँग जोड्ने उद्घोष गरेको सम्मेलनका सचिव डा. नरेन्द्र ठगुन्नाले जानकारी दिएका हुन्। तीनदिने सम्मेलनको अन्तिम दिन शनिबार मानसिक स्वास्थ्य, प्रविधि, बदलिँदो शिक्षा, विपद्, र सामाजिक रूपान्तरणले ल्याएका चुनौतीहरूलाई सम्बोधन गर्न सम्मेलनले ८ बुँदे प्रतिबद्धतासहितको घोषणापत्र जारी गरेको थियो।

घोषणापत्रमा अन्तर्राष्ट्रिय सञ्जाल र सहकार्यको विस्तारबारे 'विश्वविद्यालय, अनुसन्धान संस्था, नीति निर्माता र समुदायबीच एउटा दिगो सञ्जाल निर्माण गर्ने उल्लेख छ। सम्मेलनमा नेपाल र दक्षिण एसियालाई विश्वव्यापी मनोविज्ञानको मञ्चसँग जोड्दै संयुक्त अनुसन्धान, प्राज्ञिक आदानप्रदान र विद्यार्थीहरूको गतिशीलता बढाउन जोड दिइएको' जानकारी दिइयो। शिक्षामा व्यावहारिक मनोविज्ञानको एकीकरणबारे भनिएको छ, 'मनोविज्ञानको शिक्षा अब सिद्धान्तमा मात्र सीमित रहने छैन। यसलाई 'फिल्डवर्क', 'इन्टर्नसिप' र समुदायमा आधारित सिकाइसँग जोड्दै व्यावहारिक बनाइनेछ। विशेषगरी समुदाय मनोविज्ञान, जनमानसिक स्वास्थ्य, विपद् पछिको मनोवैज्ञानिक प्राथमिक उपचार, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र सकारात्मक मनोविज्ञानजस्ता विषयलाई पाठ्यक्रमको उच्च प्राथमिकतामा राखिने छ।'

अबको मनोविज्ञान 'उपचार'मा मात्र होइन, 'रोकथाम'मा केन्द्रित हुनेछ। यसका लागि तीन तहको मोडल अघि सारिएको छ- प्राथमिक रोकथाममा मानसिक स्वास्थ्यको प्रवर्द्धन, जीवनोपयोगी सीप, र सकारात्मक अभिभावकत्वको विकास गर्ने भनिएको छ भने द्वितीय रोकथाममा समस्याको बेलैमा पहिचान, जोखिमको मूल्यांकन र समयमै मनोवैज्ञानिक हस्तक्षेप र तेस्रो रोकथाममा पुनर्स्थापना, मनोसामाजिक सहयोग र समाजमा सहज पुनर्मिलन छ।

समुदायमा आधारित मनोविज्ञानको सुदृढीकरण चौथो बुँदामा छ, 'समुदायलाई अब सेवाग्राही मात्र होइन, मनोवैज्ञानिक ज्ञान र समाधानको साझेदार मानिएको छ। स्थानीय ज्ञान, भाषा, मूल्य र मान्यतालाई आत्मसात् गर्दै सांस्कृतिक रूपमा घुलमिल हुन सक्ने मनोवैज्ञानिक हस्तक्षेपहरू निर्माण गरिनेछ, जसले युवा विकास र सीमान्तकृत वर्गको सशक्तीकरणमा टेवा पुऱ्याउनेछ।'

पाँचौंमा अनुसन्धान, अभ्यास र नीतिको संयोजन छ, 'अनुसन्धान केवल पुस्तकालयमा थन्किनु हुँदैन। अनुसन्धानबाट निस्किएका प्रमाणहरू अभ्यासमा लागू हुनुपर्छ र तिनै अभ्यासको मूल्यांकनबाट सार्वजनिक नीतिहरू बन्नुपर्छ। नीतिले समुदायमा सकारात्मक प्रभाव पारेपछि मात्र मनोविज्ञानको चक्र पूरा हुने घोषणापत्रमा उल्लेख छ।' बहुविधागत र अन्तरसांस्कृतिक अभ्यासबारे छैटौं बुँदामा छ, 'मानव जीवनका जटिल समस्याहरू एउटा मात्र विधाले समाधान गर्न सक्दैन। त्यसैले मनोविज्ञानले अब चिकित्साशास्त्र, जनस्वास्थ्य, शिक्षा, समाजशास्त्र, प्रविधि, कानुन र विपद् व्यवस्थापनजस्ता अन्य विधासँग काँधमा काँध मिलाएर बहुविधागत सहकार्य गर्नेछ।'

प्रविधि र कृत्रिम बौद्धिकताको जिम्मेवार प्रयोग छ सातौं बुँदामा छ, 'मानव व्यवहार र मानसिक स्वास्थ्यमा प्रविधिको बढ्दो प्रभावलाई स्वीकार गर्दै, घोषणापत्रले डिजिटल मेन्टल हेल्थ, टेलिसाइकोलोजी र सामाजिक सञ्जालको प्रयोगलाई नैतिक, सुरक्षित र मानवीय गरिमा अनुकूल बनाउन विशेष जोड दिएको छ।' नयाँ पुस्ताको सशक्तीकरणसम्बन्धी आठौं बुँदामा छ, 'विद्यार्थी र उदीयमान मनोवैज्ञानिकहरू नै यस क्षेत्रको भविष्य हुन्। उनीहरूलाई मेन्टरसिप, अनुसन्धानका अवसर, अन्तर्राष्ट्रिय आदानप्रदान र वृत्ति विकासका ढोकाहरू खुल्ला गरिनेछ। सम्मेलनमा पाँच किनोट स्पिच, ५० भन्दा बढी कार्यपत्र प्रस्तुत भएका थिए।

८ दलको 'अग्रगामी मोर्चा' घोषणा

अन्नपूर्ण | *काठमाडौं*



विभिन्न ८ राजनीतिक दलहरूले अग्रगामी मोर्चा घोषणा गरेका छन्। शनिबार काठमाडौंमा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र खम्बुवान राष्ट्रिय मोर्चाले संयुक्त रूपमा अग्रगामी मोर्चा घोषणा गरेका हुन्। उनीहरूले संविधान संशोधन, संघीयता सुदृढीकरण, सामाजिक न्याय, र समावेशी लोकतन्त्रलाई मुख्य एजेन्डा बनाएका छन्। सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, र भौगोलिक अखण्डताको संरक्षणप्रति प्रतिबद्ध लोकतान्त्रिक र प्रगतिशील शक्तिहरूलाई एकताबद्ध गर्दै स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र, र संघीयतामा आधारित न्यायपूर्ण समाज निर्माण गर्ने उद्देश्य रहेको प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले बताए।

शर्माले पछाडि परेका वर्ग र समुदायको उत्थानलाई प्राथमिकतामा राख्दै सबै प्रकारका असमानता र विभेद अन्त्य गर्ने मोर्चाको उद्देश्य रहेको समेत उल्लेख गरे। सीमान्तकृत समुदायको राज्यका सबै तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न निरन्तर संघर्ष गर्ने भन्दै उनले पारदर्शी, जबाफदेही र भ्रष्टाचारमुक्त शासन प्रणालीका साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य र सम्मानजनक रोजगारीलाई राष्ट्रिय प्राथमिकतामा राखिने बताए।

वर्तमान संविधानमा रहेका संरचनात्मक त्रुटि र अस्पष्टताका कारण संघीयता कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न संविधान संशोधन र परिमार्जन वा पुनर्लेखन गर्नुपर्ने उनले बताए। मोर्चा घोषणा कार्यक्रममा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान र कानुनको दायराभित्र रहेर राज्य सञ्चालन गर्ने तथा विभेद र असमानता अन्त्य गर्ने प्रतिबद्धता जनाए। मुलुकलाई आर्थिक विकास, भ्रष्टाचार नियन्त्रण र समृद्धिको दिशामा अघि बढाउन साझा प्रयास स्वरूप मोर्चा गठन गरिएको उनले बताए।

जनमत पार्टीका अध्यक्ष सीके राउतले विगतमा पार्टी, सरकार वा मोर्चा सञ्चालनका क्रममा भएका कमी-कमजोरीहरूको समीक्षा गर्दै सुधार गरेर अघि बढ्ने बताए। मोर्चा सत्ता पाउन वा कसैलाई कुर्सीबाट ढाल्नका लागि नभई जनता र व्यवस्थाको पक्षमा संघर्ष गर्न बनेको उनले बताए।

मोर्चा आवद्ध अन्य दलका नेताहरूले संविधानवाद, संघीय लोकतान्त्रिक गणतन्त्र र लोकतान्त्रिक मूल्य-मान्यताको पूर्ण पालना गर्न आग्रह गरेका थिए। मोर्चाको नेतृत्व अथवा संयोजक सहमतिको आधारमा चयन गरिने वा आवश्यक परे पालैपालो नेतृत्व प्रणाली अपनाउन सकिने सहमतिपत्रमा उल्लेख छ। निश्चित अवधिका लागि हुने र सर्वसम्मतिबाट निर्णय गरिने बताइएको छ। सर्वसम्मति नभएमा लोकतान्त्रिक विधि र प्रक्रियाअनुसार हुने बताइएको छ।

रुसी मिसाइल आक्रमणमा बालकसहित ३ जनाको मृत्यु

किभ (बीबीसी): युक्रेनको राजधानी किभ नजिकै रातभर भएका रुसी मिसाइल आक्रमणमा एक बालकसहित कम्तीमा तीन जनाको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन्।

शनिबार बिहानै राजधानीको पूर्वीक्षेत्रमा मिसाइल प्रहार भएको थियो। देशभर भएका आक्रमणमा २१ जनाको ज्यान गएको केही दिनपछि नै प्रत्यक्षदर्शीहरूले शक्तिशाली विस्फोटको आवाज सुनेको बताएका छन्।

ब्यालिस्टिक मिसाइल आक्रमणमा परी तीन जनाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख टिमुर त्काचेन्कोले जानकारी दिए। मिसाइलका टुक्राहरू खस्दा आवासीय भवन तथा गाडीहरूमा क्षति पुगेको र अर्को एक भवनमा आगलागी भएको उनले बताए।

किभका मेयर भिटाली क्लिट्स्कोले टेलिग्राममा लेख्दै आपतकालीन टोलीहरूले एक भवन र इन्धन ट्यांकरमा लागेको आगो निभाउने प्रयास गरिरहेको जनाएका छन्।



युक्रेनको राज्य आपतकालीन सेवा (डीएसएनएस) ले किभमा ग्यारेज, व्यापारिक प्रतिष्ठान र भवनहरूमा आगो लागिरहेको तस्बिरहरू सार्वजनिक गर्दै भनेको छ, 'क्षतिको वास्तविक विवरण संकलन भइरहेको छ।'

राष्ट्रपति जेलेन्स्कीको सर्बिया भ्रमण

युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की आफ्नो पहिलो भ्रमणका क्रममा सर्बियाको राजधानी बेलग्रेड पुगेका छन्। उनले सर्बियाली राष्ट्रपति अलेक्जान्डर भुचिचसँग आर्थिक सम्बन्ध, सुरक्षा मामिला र युरोपेली संघ (ईयू) सँगको सम्बन्धका विषयमा छलफल गरिरहेका छन्।

जेलेन्स्कीले युक्रेनका लागि व्यापक अन्तर्राष्ट्रिय समर्थन जुटाउने प्रयास गरिरहेका छन्, तर भुचिचले भने रुसमाथि प्रतिबन्ध लगाउन अस्वीकार गर्दै आएका छन्। सर्बिया युरोपेली संघमा शामिल हुने प्रयासमा छ र उसले युक्रेनलाई मानवीय सहायता उपलब्ध गराउनुका साथै युद्धपछि पुनःनिर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

हवाई रक्षा प्रणालीको कमी र काउन्टर अटचाक

यसअघि, सहयोगी राष्ट्रहरूबाट एन्टी-ब्यालिस्टिक प्रणाली प्राप्त गर्नमा भएको ढिलाइले 'भयावह क्षति र विनाश' निम्त्याइरहेको राष्ट्रपति जेलेन्स्कीले बताएका थिए।

सहयोगीहरूबाट प्राप्त हुने त्यस्ता हतियारको आपूर्ति यस वर्ष 'उल्लेख्य रूपमा घटेको' राष्ट्रपतिले पछि उल्लेख गरे। युक्रेनले रुसभित्र रहेका दुईवटा तेल प्रशोधन केन्द्र र काला सागरमा रुससँग जोडिएका जलपोतहरूमा आक्रमण गरेको छ। रुसले युक्रेनविरुद्धको युद्धमा लगानी गर्न प्रयोग गर्ने तेलको आम्दानीलाई सीमित गर्ने उद्देश्यले सो आक्रमण गरिएको जेलेन्स्कीले बताए।

शनिबार युक्रेनी सेनाको जनरल स्टाफले दिएको जानकारीअनुसार रातभरको आक्रमणका क्रममा युक्रेनी सेनाले रुसका 'इल्स्की' र 'सिजरान' तेल प्रशोधन केन्द्रमा क्षति पुऱ्याएको छ, जसका कारण दुवै स्थानमा भीषण आगलागी भएको छ।

युक्रेन र रुसबीच हालै भएका मध्यस्थता वार्ताहरू सफल हुन नसकेपछि दुवै पक्षबाट आक्रमण तीव्र पारिएको छ।

सम्पादकीय

बाघ बढ्दाको जोखिम

बीसौं शताब्दीको सुरुवातमा विश्वभर करिब १ लाखको संख्यामा रहेका बाघ २१औं शताब्दीमा आइपुग्दा घटेर ३२ सयमा झरे। लाखौं बाघ हुँदा मान्छेको जीवन त्राहिमाम थियो, बाघले सयौं मानिसको ज्यान लिन्थ्यो। त्यसैले उतिबेला बाघलाई मानव जीवनका लागि हानिकारक वन्यजन्तुका रूपमा हेरिन्थ्यो र यसको अनियन्त्रित सिकार हुन्थ्यो। राणा र राजाहरू बाघ सिकारका सौखिन थिए। कूटनीतिक सम्बन्ध बलियो बनाउन बेलायतका राजा जर्ज पञ्चमलाई नेपालको चितवनमा बाघ सिकारकै लागि ल्याइएको इतिहास ताजै छ। तर, जब मानिसले बाघ 'पारिस्थितिकीय प्रणाली'को अभिन्न अंग हो भन्ने बुझ्यो, तब यसको संरक्षणका प्रयास सुरु भए। सन् २०१० को विश्व बाघ सम्मेलनमा नेपालले सन् २०२२ सम्म आफ्नो देशमा बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएको थियो। त्यतिबेला नेपालमा जम्मा १ सय २१ वटा बाघ थिए। तर, संरक्षणमा प्राप्त अभूतपूर्व सफलताका कारण लक्ष्यभन्दा धेरै अर्थात् साढे ३ सयभन्दा बढी बाघ नेपालमा पुगेका छन्। अहिले चितवन, बर्दिया, शुक्लाफाँटा लगायतका निकुञ्ज र आरक्षहरूमा बाघको राम्रो उपस्थिति छ।

बाघको संख्या त बढ्यो, तर यससँगै चुनौती र जोखिम पनि उत्तिकै बढेको छ। शुक्लाफाँटा निकुञ्जवरिपरिका बस्तीमा बाघ पस्न थालेका छन्। बर्दियामा बर्सेनि बाघको आक्रमणबाट मानिसहरूले ज्यान गुमाइरहेका छन्। बाघ मात्रै होइन, झापादेखि कञ्चनपुरसम्म हात्तीको आक्रमण र आतंक पनि उस्तै छ। अर्थात्, एकातिर वन्यजन्तुको संरक्षण भइरहँदा अर्कोतिर नागरिकको जीउज्यान भने चरम जोखिममा पऱ्यो। हो, ठीक यहींनेर सन्तुलन मिलाउनुपर्ने टड्कारो आवश्यकता देखापरेको छ। बाघ बढाउने नाममा जसरी संख्यामा जोड दिइयो, त्यसअनुसार उनीहरूलाई आवश्यक पर्ने बासस्थान र आहारा पुग्छ कि पुग्दैन भन्ने वैज्ञानिक आकलन हुन सकेन। जस्तै, शुक्लाफाँटामा अचेल करिब ५० बाघ छन्, तर तिनलाई बासस्थान पुगिरहेको छैन। वयस्क बाघका लागि सामान्यतया २५ वर्ग किलोमिटरको क्षेत्रफल चाहिन्छ भनिन्छ। बाघको संख्या बढाउँदा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा वाहवाही पाएकै हो। विश्वको दुर्लभ वन्यजन्तु पाटेबाघको संरक्षण गरेर प्रशंसित भइरहँदा देशका नागरिक जोखिममा परिरहेको यथार्थप्रति भने राज्यले पर्याप्त ध्यान पुऱ्याएन। अब जेजति क्षति र नोक्सानी भएको छ, त्यसबाट पाठ सिकेर वनको क्षमता, क्षेत्रफल र वन्यजन्तुको बासस्थानअनुसार मात्रै संख्या व्यवस्थापन गरिनुपर्छ। आवश्यक परे स्थानान्तरण वा नियन्त्रणका उपायहरू पनि अपनाउनु जरुरी छ।

निश्चय नै मानव सुरक्षा राज्यको पहिलो दायित्व हुनुपर्छ, आखिर वन्यजन्तु र पारिस्थितिकीय प्रणाली पनि मानिसकै दिगो भविष्यका लागि हो। तर सँगसँगै, पृथ्वी मानिसको मात्रै पेवा होइन, यहाँका सबै प्राणीको साझा घर हो भन्ने सत्य पनि भुल्नु हुँदैन। वन्यजन्तु पनि संरक्षित हुने र मानिसको जीउज्यान पनि जोगिने मध्यमार्गी उपाय रचिनुपर्छ। एकातिर जंगल छेउछाउ बढ्दो बस्ती विकासका कारण वन्यजन्तुको बासस्थान संकटमा छ र उनीहरूको आहारा खोसिएको छ भने, अर्कोतिर मानिसकै ज्यान निरन्तर खतरामा छ। मानिसले वन्यजन्तुको बासस्थान मात्रै अतिक्रमण गरेको छैन, उनीहरूका परम्परागत हिँडडुल गर्ने बाटाहरू पनि छेकिदिएको छ। वन्यजन्तु मानिसको बस्तीमा आएका मात्रै होइनन्, मानिस नै जंगल मास्दै वन्यजन्तुको बासस्थान नजिक पुगेका हुन्। त्यसैले वन्यजन्तुको बासस्थानमाथि मानिसले गरिरहेको अतिक्रमणलाई नजरअन्दाज गरेर मानव जीवन जोगिन सक्दैन। बाघ र हात्ती लगायतका वन्यजन्तु हिँड्ने बाटो (जैविक मार्ग) खुला राखिनुपर्छ, उनीहरूको आहाराको उचित व्यवस्थापन जंगलभित्रै हुनुपर्छ र किसानको सुरक्षाको पूर्ण ग्यारेन्टी गर्दै 'मानव-वन्यजन्तु द्वन्द्व' अन्त्य गरी 'सहअस्तित्व' कायम गरिनुपर्छ।

व्यक्तिवादको दलदलमा दलहरू

जब सत्ताभन्दा सेवा ठूलो हुन्छ, तब मात्र राजनीति जनविश्वासको आधार बन्छ।



आनन्दप्रसाद पोखरेल

अग्रमत



लोकतन्त्रको वास्तविक शक्ति सरकार फेरिनुमा होइन, शासन गर्ने संस्कार फेरिनुमा हुन्छ। निर्वाचन, सरकार गठन वा नेतृत्व परिवर्तन लोकतन्त्रका बाह्य संकेत मात्र हुन्। यसको आत्मा भने संस्थागत उत्तरदायित्व, शक्ति सन्तुलन, विधिको शासन, आलोचना स्वीकार गर्ने संस्कार र नेतृत्वको आत्मसंयममा निहित हुन्छ। यी आधार कमजोर बन्दा लोकतन्त्रको आवरणभित्रै निरंकुश प्रवृत्ति उम्रन थाल्छ। इतिहासले बारम्बार प्रमाणित गरेको यही कठोर सत्य हो।

नेपालको राजनीतिक संकटलाई कुनै एक व्यक्ति, कुनै एक दल वा कुनै एक पुस्ताको असफलतामा सीमित गरेर बुझ्न सकिँदैन। यसको जरा धेरै गहिरो छ। हाम्रो राजनीतिक संस्कृतिमा वर्षौंदेखि विकसित हुँदै आएको केन्द्रीकृत नेतृत्व, व्यक्तिपूजा, सत्तामुखी सोच, संस्थाभन्दा व्यक्तिलाई ठूलो ठान्ने प्रवृत्ति र शक्ति गुम्ने मनोवैज्ञानिक त्रास नै आजको संकटको मूल कारण हो।

मार्क्सले राज्यलाई वर्गीय शक्ति सञ्चालनको साधनका रूपमा व्याख्या गरेका थिए। तर, समाजवादी रूपान्तरणको लक्ष्य राज्यलाई व्यक्तिको होइन, जनताको सामूहिक नियन्त्रणमा लैजानु हो। त्यसैले कुनै पनि प्रगतिशील आन्दोलनको सफलता केवल सत्ता प्राप्तिमा होइन, सत्तालाई संस्थागत अनुशासन र जनउत्तरदायित्वभित्र बाँध्न सक्ने क्षमतामा मापन गरिनुपर्छ। जब शक्ति व्यक्तिमा केन्द्रित हुन्छ, विचार कमजोर हुन्छ, विचार कमजोर भएपछि संस्था कमजोर हुन्छ, संस्था कमजोर भएपछि लोकतन्त्र केवल औपचारिक अभ्यासमा सीमित हुन पुग्छ।

राजनीतिक मनोविज्ञानले स्पष्ट देखाउँछ– प्राप्त शक्तिले व्यवहारमात्र परिवर्तन गर्दैन, यसले सोच्ने शैली, निर्णय गर्ने प्रक्रिया र यथार्थलाई हेर्ने दृष्टिकोणसमेत परिवर्तन गर्छ। लामो समयसम्म एउटै व्यक्तिमा शक्ति केन्द्रित हुँदा आफ्नै निर्णयलाई अन्तिम सत्य, आफ्नै धारणालाई संगठनको हित र आलोचनालाई षड्यन्त्र ठान्ने मनोविज्ञान विकसित हुन्छ। यही मानसिकताबाट व्यक्तिवाद जन्मिन्छ, व्यक्तिवादबाट संस्थाको क्षय हुन्छ र संस्थाको क्षयबाट लोकतन्त्रको आत्मा कमजोर बन्छ।

जनतामा एउटा उखान छ- 'धेरै दिन एउटै चौतारोमा बसेपछि रूख पनि आफ्नै हो जस्तो लाग्छ।' सत्ता पनि त्यस्तै हो। लामो समय एउटै हातमा रहँदा पद सेवा होइन, स्वामित्वजस्तो लाग्न थाल्छ। त्यही क्षणदेखि लोकतान्त्रिक संस्कृतिको ओरालो यात्रा सुरु हुन्छ।

जब निर्णय केही व्यक्तिको वरिपरि सीमित हुन्छ, संस्था विस्तारै औपचारिक संरचनामा खुम्चिन्छ। समिति रहन्छन्, तर निर्णय बाहिरै भइसकेका हुन्छन्, छलफल हुन्छ, तर निष्कर्ष पहिले नै तय गरिएको हुन्छ; निर्वाचन हुन्छ, तर प्रतिस्पर्धा स्वतन्त्र हुँदैन; विधि रहन्छ, तर विधिमाथि व्यक्ति उभिन्छ। लोकतन्त्रको रूप बाँकी रहन्छ, तर लोकतान्त्रिक आत्मा क्रमशः हराउँदै जान्छ।

राजनीतिक विज्ञानले यसलाई संस्थागत क्षय भन्छ। संस्था कमजोर भएपछि नियम कमजोर हुन्छ। नियम कमजोर भएपछि नैतिकता कमजोर हुन्छ। अन्ततः व्यक्तिको इच्छा नै नियम र आदेश नै विधि बन्न पुग्छ।

मानव व्यवहार विज्ञानले अर्को महत्त्वपूर्ण तथ्य पनि देखाउँछ– सत्ता केवल अधिकार होइन, मनोवैज्ञानिक आकर्षण पनि हो। जसरी धन, प्रसिद्धि वा कुनै लतले मानिसलाई बाँध्छ, त्यसरी नै शक्ति र नियन्त्रणको अनुभूतिले पनि मानिसलाई पदसँग भावनात्मक रूपमा बाँधिदिन्छ। त्यसपछि पद जिम्मेवारीभन्दा बढी 'पहिचान' बन्छ र पद गुम्ने सम्भावनालाई सार्वजनिक उत्तरदायित्वको अन्त्य होइन, आफ्नै अस्तित्वमाथिको संकटका रूपमा बुझ्न थालिन्छ।

यही अवस्थाबाट लोभको अर्को रूप जन्मिन्छ। लोभ केवल आर्थिक लाभमात्र होइन, यो प्रतिष्ठा, प्रभाव, नियन्त्रण र इतिहासमा आफ्नो प्रभुत्व कायम राख्ने आकांक्षा पनि हो। बौद्ध दर्शनले यसलाई 'लोभ, मोह र अहंकारको चक्र' भन्छ भने आधुनिक राजनीतिक विज्ञानले 'शक्ति संरक्षण'को प्रवृत्ति भन्छ। सार एउटै हो- साधन नै लक्ष्यमा रूपान्तरण हुनु।

निरंकुशता सधैं संविधान भंग गरेर मात्र आउँदैन। धेरैजसो अवस्थामा यसको सुरुवात संगठनभित्रै हुन्छ। अरूको कुरा नसुन्ने र आलोचनालाई शत्रुता मान्ने प्रवृत्ति हावी हुन्छ। अनि प्रतिस्पर्धी र वैकल्पिक नेतृत्वलाई रोकिन्छ, संस्थालाई कमजोर बनाइन्छ, निर्णय प्रक्रिया अपारदर्शी बनाइन्छ र व्यक्तिप्रति अन्धनिष्ठालाई राजनीतिक संस्कारको रूपमा स्थापित गरिन्छ। लोकतन्त्रको सबैभन्दा ठूलो शत्रु बाहिर होइन, लोकतान्त्रिक संस्थाभित्रै जन्मिएको निरंकुश मानसिकता हो।

नेपालको राजनीतिक संस्कृतिको अर्को गम्भीर कमजोरी उत्तराधिकारी निर्माणको अभाव हो। विधिसम्मत नेतृत्व हस्तान्तरणलाई कमजोरी मानिन्छ। त्यहाँ नयाँ पुस्ता विचारको प्रतिस्पर्धामा होइन, गुटको राजनीतिमा धकेलिन्छ। संगठन विचारले होइन, समीकरणले चल्न थाल्छ। योग्यताभन्दा निकटता, प्रक्रियाभन्दा आदेश र नीतिभन्दा निष्ठाले स्थान ओगट्छ।

कम्युनिस्ट आन्दोलनको मूल दर्शन सामूहिक नेतृत्व, लोकतान्त्रिक केन्द्रीयता, आत्मालोचना र जनउत्तरदायित्वमा आधारित छ। लोकतान्त्रिक व्यवस्थाको आधार पनि यही हो। त्यसैले समस्या विचारधारामा होइन, विचारधारालाई व्यवहारमा रूपान्तरण गर्ने राजनीतिक संस्कृतिमा छ।

आज नेपालको सबैभन्दा ठूलो चुनौती सरकार परिवर्तन होइन, राजनीतिक संस्कृतिको परिवर्तन हो। व्यक्तिप्रतिको निष्ठाभन्दा विधिप्रतिको निष्ठा, शक्तिको केन्द्रीकरणभन्दा अधिकारको विकेन्द्रीकरण, पद जोगाउने प्रतिस्पर्धाभन्दा संस्था निर्माणको प्रतिबद्धता, सत्तामुखी राजनीतिभन्दा सेवामुखी राजनीति र व्यक्तिपूजाभन्दा नीति-पद्धतिको सर्वोच्चता स्थापित नगरी लोकतन्त्र परिपक्व हुन सक्दैन।

सबैभन्दा महत्त्वपूर्ण कुरा, संस्थालाई निजी जमिन्दारी ठान्ने, नेतृत्वलाई आजीवन विशेषाधिकार सम्झने र संगठनलाई व्यक्तिको सम्पत्तिका रूपमा चलाउने राजनीतिक संस्कृतिको अन्त्य नगरी नेपालको लोकतन्त्रले नयाँ गति लिन सक्दैन।

आजको युग व्यक्तिको युग होइन, संस्थाको युग हो। इतिहासले सिकाएको कठोर सत्य के हो भने जहाँ संस्था व्यक्तिभन्दा कमजोर हुन्छ, त्यहाँ अन्ततः व्यक्ति पनि सुरक्षित रहँदैन। तर, जहाँ संस्था बलियो हुन्छ, त्यहाँ नेतृत्व परिवर्तन संकट होइन, लोकतन्त्रको स्वाभाविक प्रक्रिया बन्छ।

नेपालको राजनीतिक बहस अब व्यक्ति-केन्द्रित आरोप-प्रत्यारोपबाट माथि उठ्नैपर्छ। मूल प्रश्न 'कसले शासन गऱ्यो ?' भन्ने होइन, 'कस्तो राजनीतिक संस्कृति निर्माण गरियो ?' भन्ने हो। सत्ता सेवा हो कि स्वामित्व ? नेतृत्व उत्तरदायित्व हो कि विशेषाधिकार ? संस्था सर्वोच्च हो कि व्यक्ति? यिनै प्रश्नहरूको उत्तरले नेपालको लोकतान्त्रिक भविष्य निर्धारण गर्नेछ।

अब नेपाललाई नयाँ अनुहारभन्दा बढी नयाँ राजनीतिक संस्कृतिको आवश्यकता छ। यस्तो संस्कृति, जहाँ सत्ता जनसेवाको माध्यम होस्, नेतृत्व उत्तरदायित्वको प्रतीक होस्, संस्था व्यक्तिभन्दा माथि उभियोस्, आलोचना लोकतन्त्रको शत्रु होइन, सुधारको अवसर बनोस् र उत्तराधिकार संघर्षबाट होइन, विधि, योग्यता र लोकतान्त्रिक प्रक्रियाबाट तय होस्।

निष्कर्ष : जब व्यक्तिभन्दा संस्था ठूलो हुन्छ, तब मात्र लोकतन्त्र बलियो हुन्छ। जब सत्ताभन्दा सेवा ठूलो हुन्छ, तब मात्र राजनीति जनविश्वासको आधार बन्छ। जब नेतृत्वभन्दा विधि ठूलो हुन्छ, तब मात्र समृद्ध, न्यायपूर्ण र उत्तरदायी नेपालको निर्माण सम्भव हुन्छ। नेपालको राजनीतिक रूपान्तरणको वास्तविक सुरुवात यही चेतनाबाट हुनेछ। तब मात्र पार्टीहरूलाई व्यक्तिवादी दलदलबाट बाहिर निकाली संस्थागत प्रणालीतर्फ लैजान सकिन्छ।

> सत्ता पनि त्यस्तै हो। लामो समय एउटै हातमा रहँदा पद सेवा होइन, स्वामित्वजस्तो लाग्न थाल्छ। त्यही क्षणदेखि लोकतान्त्रिक संस्कृतिको ओरालो यात्रा सुरु हुन्छ।

सुशासनका लागि व्यवहारगत सुधार



शिवराम न्यौपाने

सुशासन शासन सफलताको मुख्य सूचक हो। हरेक सरकारले मुलुकमा सुशासन कायम राख्ने प्रयास गरेको हुन्छ। नीति, योजना, रणनीति र कार्यक्रममा सुशासनका सवाललाई अनिवार्य प्राथमिकता दिइएको हुन्छ। तर, सरकारको सोच एवं नीतिअनुरूप सार्वजनिक पदमा रहने नेतृत्वको व्यवहारमा सुधार नहुँदा सुशासन कमजोर हुने गरेको छ। मुलुकमा सुशासन कायम गराउन नसक्दा विगत तीन दशकयताको राजनीतिक नेतृत्व शासनमा सफल ठहरिन सकेन। पुराना राजनीतिक शक्तिहरू निर्वाचनमा पराजित हुनु र सुशासनको मुख्य सवाल बोकेको नयाँ राजनीतिक नेतृत्वले जनताबाट झन्डै दुईतिहाइ बहुमत प्राप्त गर्नुले यस तथ्यलाई पुष्टि गर्छ। आम जनमानसको ठूलो विश्वास र भरोसा पाएको नयाँ राजनीतिक शक्तिको सरकारबाट जनताले शीघ्र सुशासनको अनुभूति खोज्नु स्वाभाविक हो।


पुरानो सोच, प्रवृत्ति र कार्यशैलीबाट मुख्य सार्वजनिक जिम्मेवारीमा रहने अबको राजनीतिक वा प्रशासनिक नेतृत्व सफल हुन सक्दैन। जनताको उच्च महत्त्वाकांक्षा एवं अनावश्यक नकारात्मक चियोचर्चो गर्ने प्रवृत्तिका कारण अबको सरकार र कर्मचारीतन्त्रका लागि आगामी दिन चुनौतीपूर्ण छन्। त्यसैले, राजनीतिक एवं प्रशासनिक नेतृत्वले आफूलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्ने भएको छ।

नतिजामुखी प्रशासन र असल नेतृत्व : सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउने प्रतिबद्धता सरकारबाट आएको छ। प्रतिबद्धताअनुरूप कार्यशैली र व्यवहारमा सुधार हुँदा सुशासनमा स्थायित्व आई नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउन सकिन्छ। यसका लागि सरकारको मुख्य कार्यकारिणी संयन्त्र 'सार्वजनिक प्रशासन'लाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउन आवश्यक छ। स्वच्छ एवं इमानदार राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई सहजै क्रियाशील गराउन सक्ने भएकाले असल र आदर्श राजनीतिक नेतृत्व वर्तमानको खाँचो हो। असल नेतृत्वले विधिको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता सुशासनका आधारभूत मान्यतालाई सुनिश्चित गर्न सक्छ। यसबाट सार्वजनिक सेवा प्रवाह छिटो, छरितो तथा कम खर्चिलो भई जनताले शासनको स्वाभाविक अनुभूति गर्न पाउँछन्।

> संवैधानिक निकाय, कूटनीतिक नियोग, सार्वजनिक संस्थान वा समितिहरूमा योग्यता र क्षमताका आधारमा नियुक्ति गर्ने र 'कार्यसम्पादन तथा नतिजा'लाई सेवा निरन्तरताको आधार बनाउने परिपाटी विकास गरिनुपर्दछ।

राजनीतिक र प्रशासनिक नेतृत्वबीचको समन्वय : राजनीतिक एवं प्रशासनिक नेतृत्वले पेसागत सिद्धान्त र मूल्यमान्यताका आधारमा रूपान्तरणकारी भूमिका निर्वाह गर्ने संस्कार विकास गर्नु आवश्यक छ। कर्मचारीले नीति निर्माणलगायतका राजनीतिक कार्यमा हस्तक्षेप गर्ने र मन्त्रीले प्रशासनिक कार्यमा हस्तक्षेप गर्ने प्रवृत्तिका कारण यी दुई क्षेत्रको आपसी सहकार्य र विश्वास मजबुत हुन सकेको छैन। संविधान तथा अन्य प्रचलित कानुनमा उल्लिखित जिम्मेवारीका साथै आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्यसम्बन्धी नीतिगत विषयका सम्पूर्ण कार्य समयमै सम्पादन गराउने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुन्छ।

जसको सर्वमान्यतामा प्रतिकूल नहुने गरी मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्छन् भने, सो कानुनसम्मत निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुन्छ। कर्मचारीतन्त्रले आफ्नो जिम्मेवारी निर्वाह गर्दा मूलतः राष्ट्र र जनताको बृहत्तर हित, समन्याय र समावेशीकरण, विधिको शासन, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारितालाई आधार बनाउनुपर्छ। साथै, संस्थागत तटस्थता, निष्पक्षता, निर्णयमा सर्वसाधारणको पहुँच र स्थानीय स्रोतको अधिकतम उपयोगमा ध्यान दिनुपर्दछ।



प्रभावकारी गुनासो व्यवस्थापन : सार्वजनिक निकायहरूबाट हुने गरेका कार्य पर्याप्त र सन्तोषजनक हुन नसकेका कारण यी निकायमा हुने गुनासामा कमी आएको छैन। मूलतः जनसरोकार बढी भएका निकायहरूबाट प्रवाह हुने सार्वजनिक सेवाका सम्बन्धमा सेवाग्राहीबाट आउने गुनासो समयमै व्यवस्थापन गरी नागरिकलाई सुशासनको अनुभूति गराउनु जरुरी छ। प्रत्येक मन्त्रालय, विभाग तथा सरकारी कार्यालयमा गुनासो सुन्न 'नोडल अधिकृत' तोकिएको भए तापनि गुनासाको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन। गुनासो सुन्न निःशुल्क टेलिफोन, अनलाइन सेवा वा अन्य उपयुक्त माध्यमको व्यवस्था गर्नुपर्ने, नोडल अधिकृतले गुनासो प्राप्त भएको २४ घण्टाभित्र आफ्नो सुझावसहित कार्यालय प्रमुखसमक्ष पेस गर्नुपर्ने र कार्यालय प्रमुखले तत्काल आदेश दिनुपर्ने कानुनी व्यवस्था छ। यसलाई व्यवहारमा प्रभावकारी बनाउँदै गुनासोकर्तालाई व्यवस्थापनको जानकारी दिन वर्तमान राजनीतिक नेतृत्व एवं कर्मचारीतन्त्र सचेत र सक्रिय हुनु आवश्यक छ।

पारदर्शिता र नागरिकको विश्वास : सार्वजनिक निकायलाई पारदर्शी गराई सूचना प्रवाहलाई सरल, सहज र नियमित गराउँदा नागरिकको विश्वास वृद्धि हुन्छ। सार्वजनिक निकायहरूले नागरिक वा सेवाग्राहीसँग सरोकार हुने सूचना नियमित रूपमा सार्वजनिक गर्दा नागरिकमा स्वतःस्फूर्त रूपमा राज्यका निकायहरूको जानकारी राख्ने तथा कर्तव्य निर्वाह गर्ने संस्कार विकास हुन्छ। निकायहरूले आफ्नो काम, कर्तव्य, अधिकार, कर्मचारीको संख्या र कार्यविवरण, प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रक्रिया, सूचना अधिकारीको विवरण तथा आर्थिक कारोबारसम्बन्धी विवरण सार्वजनिक सूचनाको रूपमा प्रकाशन गर्नुपर्दछ। यसलाई संस्थागत गर्न सबै सार्वजनिक निकाय प्रतिबद्ध हुनु आवश्यक छ।

सचिवालयको हस्तक्षेप नियन्त्रण र योग्यताको कदर : सरकारको सुशासनको अभियानलाई गतिशील गराउन राज्यका सबै अंगको सहयोग र सहकार्य अपरिहार्य छ। यसका लागि मूलतः राजनीतिक नेतृत्वले प्रशासनिक संयन्त्रलाई आफ्नो निर्णय कार्यान्वयन गर्ने असल र विश्वासिलो सहकर्मीका रूपमा स्वीकार गर्नुपर्छ। राजनीतिक नेतृत्व र कर्मचारीबीचको सम्बन्धमा फाटो ल्याउन गलत भूमिकामा क्रियाशील हुने गरेका 'स्वकीय सचिवालय'को प्रशासनिक हस्तक्षेप र नियन्त्रणलाई निषेध गरिनुपर्दछ। संगठनभित्रका स्थायी कर्मचारीहरूको सानो सचिवालय बनाई सामान्य जिम्मेवारीमा सीमित गर्न सके प्रशासनिक खर्च घट्नुका साथै निर्णयमा हुने ढिलासुस्ती र अनियमिततामा सुधार गर्न सकिन्छ।

निष्कर्ष : कानुन तथा नीतिको प्रभावकारी कार्यान्वयनमा देखिएका कमजोरी, पद्धतिगत शासन प्रणालीको फितलोपन तथा व्यक्तिगत वा समूहगत स्वार्थ हाबी हुने प्रवृत्तिका कारण सार्वजनिक क्षेत्रको कार्यसम्पादन चुनौतीपूर्ण बनेको छ। राजनीतिक आस्थाका आधारमा योग्यता, क्षमता र अनुभव नभएका व्यक्तिलाई उच्च पदमा नियुक्ति गर्दा कर्मचारी र ती पदाधिकारीबीच कार्यगत तालमेल हुन नसकेको स्पष्ट छ। संवैधानिक निकाय, कूटनीतिक नियोग, सार्वजनिक संस्थान वा समितिहरूमा योग्यता र क्षमताका आधारमा नियुक्ति गर्ने र 'कार्यसम्पादन तथा नतिजा'लाई सेवा निरन्तरताको आधार बनाउने परिपाटी विकास गरिनुपर्दछ। जिम्मेवारी निर्वाह गर्दा संस्थागत एवं नैतिक आचरण, इमानदारिता, राष्ट्रिय स्वार्थ र जनहितको संस्कारलाई अनिवार्य गराउन सके मात्र सरकारको सुशासनको अभियानले सार्थकता पाउनेछ र जनताका अपेक्षाहरू पूरा हुँदै जानेछन्।

अन्नपूर्ण

annapurnapost.com

वेलनेस

५

आइतबार २४ साउन २०८३
SUNDAY, AUGUST 9, 2026

मुटु बचाऔं, जीवनशैली बदलौं

आजभोलि जीवनशैली अस्वस्थकर भएको छ। तनाव बढेको छ, व्यायाम घटेको छ। धूमपान, मद्यपान, खानामा गुलियो र चिल्लो प्रयोग बढेको छ। सागसब्जी र फलफूल खाने बानी एकदमै कम छ। तयारी खाना (फास्टफुड) धेरै खाने बानी छ।

विश्व मुटु महासंघका अनुसार विश्वभर बर्सेनि झन्डै २ करोड ५ लाख व्यक्तिले मुटुको रोगबाट ज्यान गुमाउने गर्छ। यीमध्ये विकासोन्मुख र अविकसित राष्ट्रहरूमा बर्सेनि मुटु रोगबाट ज्यान गुमाउनेको संख्या यसको ८० प्रतिशतभन्दा बढी पर्न आउँछ।

१९औं शताब्दीमा मानव मृत्युको प्रमुख कारण संक्रामक रोगहरू र कुपोषण थिए। २०औं शताब्दीको सुरु सम्ममा पनि मुटु रोगबाट मर्नेहरूको संख्या १० प्रतिशतभन्दा कम थियो। २१औं शताब्दीको सुरुमा आएर मुटुरोगबाट मर्नेहरूको संख्या विकसित राष्ट्रहरूमा करिब ५० प्रतिशत र विकासोन्मुख राष्ट्रहरूमा २५ प्रतिशत पुगेको छ।


विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले भविष्यवाणी गरे अनुसार सन् २०३० सम्ममा मुटु रोगबाट विश्वभर मर्नेहरूको संख्या बर्सेनि २ करोड ५० लाख पुग्ने छ र कोरोनरी मुटुको रोग (हृदयघात) संसार कै हत्यारा नं. १ रोगका रूपमा स्थापित हुनेछ। सन् २०३० सम्ममा नेपाललगायतका विकासोन्मुख राष्ट्रहरूमा हृदयघात भएर मर्नेहरूको संख्या ३५ प्रतिशतभन्दा बढी पुग्ने अनुमान गरिएको छ।

नेपाल हृदय रोग निवारण प्रतिष्ठानका अनुसार नेपालमा हाल ३० प्रतिशत अर्थात् करिब १ करोड जनता कुनै न कुनै प्रकारका मुटुरोगबाट पीडित छन्। मुटु रोगीहरूको संख्या नेपालमा २० वर्षयता ५ गुणाले वृद्धि भएको छ। हाल नेपालमा विद्यमान मुटुरोगहरूमध्ये कोरोनरी मुटुको रोग, बाथ मुटुको रोग, जन्मजात मुटुका रोगहरू र उच्च रक्तचाप प्रमुख समस्याका रूपमा देखिएका छन्।

मुटुका रोगहरूमध्ये कोरोनरी मुटुको रोग र उच्च रक्तचाप धेरै छिटो गतिमा बढ्दै गइरहेको देखिन्छ। यसको प्रमुख कारणका रूपमा मानिसहरूको जीवनशैलीमा आएको अस्वस्थकर परिवर्तनलाई औंल्याइएको छ।

आजकल अधिकांशको जीवनशैली अस्वस्थकर भएको छ। मानसिक तनाव बढेको छ, व्यायाम घटेको छ। धूमपान, मद्यपान, खानामा गुलियो र चिल्लो प्रयोग बढेको छ। सागसब्जी र फलफूल खाने बानी एकदमै कम छ। तयारी खाना (फास्टफुड) धेरै खाने बानी छ।

नेपाल एनसीडी एलायन्सका अनुसार नेपालमा करिब ३० प्रतिशत वयस्क जनतालाई उच्च रक्तचाप छ, २५ प्रतिशतलाई कोलेस्टेरोल छ, १० प्रतिशतलाई मधुमेह छ, १ प्रतिशत बालबालिकालाई बाथ मुटु रोग छ। ९० प्रतिशत नेपालीले मुटुमैत्री खाना खाँदैनन्। करिब ५० प्रतिशत सहरिया नेपालीले आवश्यक व्यायाम गर्दैनन्। ४० प्रतिशतले चुरोट, सूर्ति सेवन गर्छन्। धेरै नेपालीलाई मानसिक तनाव छ। जतातते वातावरणीय प्रदूषण छ। शुद्ध खानेपानीको अभाव छ। तरकारी र फलफूलहरू विषादीले भरिएका छन्। मानिसको जीवन कष्टकर भएको छ।





प्राडा प्रकाशराज रेग्मी,
वरिष्ठ मुटुरोग विशेषज्ञ

आज विश्वमा ३० करोडभन्दा बढी मानिसहरू मोटोपनको शिकार भएका छन्। ५ वर्षमुनिका २ करोड २० लाख बाल बालिका आवश्यकभन्दा बढी शारीरिक तौल भएका छन्। मोटोपन मुटुको लागि खतरा हो। नेपालका सहर बजारमा बाल बालिकाहरूलाई धेरै खुवाउने, त्यसमाथि अस्वस्थकर खाना खुवाउने र मोटोघाटो बनाउने प्रवृत्ति बढ्दो छ। २० प्रतिशत बालबालिकामा मोटोपना भएको देखिन्छ।

मोटोपना जस्तै धूमपान, मद्यपान, बढी गुलियो, चिल्लो र बोसोयुक्त खानपान गर्ने प्रवृत्ति धेरै बढेको छ। जसका कारण हृदयघात, उच्चरक्तचाप, मधुमेह, उच्च रक्त कोलस्टेरोल आदिको समस्या पनि आकासिँदै गइरहेको छ। यसरी बढ्दै गइरहेको मुटुरोगको समस्यालाई रोकथाम गर्न जनचेतना जगाउने साथै नीति निर्माताहरूलाई मुटुरोग रोकथाम तथा नियन्त्रणका लागि आवश्यक नीति कार्यक्रमहरू बनाउन घच्चच्याउन अति जरुरी देखिन्छ।

धेरै मानिसहरूलाई आफ्नो मुटु र स्वास्थ्यमा रहेको खतराबारे जानकारी हुँदैन। किनभने उनीहरू नियमित स्वास्थ्य परीक्षण गराउँदैनन्। यस्तै, प्रकारले धेरैलाई मुटु रोगका कारक तत्वहरू (जोखिमहरू)बाट आफू प्रभावित भए नभएकाबारे जानकारी राख्नुपर्छ र यसबाट मुक्त हुने उपाएहरू पनि समयमै गर्नुपर्छ भन्नेबारे चेतना छैन। यो चेतना अभावको कारण बहुसंख्यक मानिसहरूको हृदयघात र मास्तिष्कघातबाट मृत्यु भइराखेको छ। प्रत्येक मानिसले आफ्नो मुटु कति खतरामा छ त्यो थाहा पाइराख्नुपर्छ र यसबाट बच्ने उपाय समयमै गर्नुपर्छ।

मुटुका लागि जोखिम तत्वहरू उच्च रक्तचाप, मधुमेह, उच्च रक्त कोलेस्टेरोल, मोटोपन, धूमपान गर्ने बानी, वंशानुगत, व्यायामको कमी र मानसिक तनाव आदि प्रमुख हुन्। यदि कसैलाई यी समस्याहरू छन् भने तुरुन्त यसबाट छुट्कारा पाउन आवश्यक उपचार र सावधानी अपनाउनुपर्छ भन्ने वैज्ञानिकहरूको सल्लाह छ। अन्यथा हृदयघात र मस्तिष्कघात भएर आकस्मिक मृत्यु हुन सक्छ।

मुटुका धेरै रोगहरू जीवनशैलीसँग सम्बन्धित हुन्। अध्ययन अनुसन्धानले देखिएको छ कि जीवनशैली परिवर्तनबाट मात्र पनि ९० प्रतिशतभन्दा बढी मुटु रोगका कारणहरू माथि नियन्त्रण गर्न सकिन्छ। यस कारण मुटुरोग नियन्त्रण कार्य जीवनशैली स्वस्थकर बनाउनेतर्फ लक्षित हुनुपर्छ। सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूले मुटुमैत्री वातावरण सिर्जना गर्न सहयोग गर्नुपर्छ र विश्वव्यापी अभियानमा सबै जानुपर्छ। यसका लागि सबैले स्वस्थ र सचेत जीवनशैली पालना गरी आफ्नो मुटुलाई स्वस्थ राख्ने प्रयास गर्नु जरुरी छ।

- आफ्नो मुटु कति खतरामा छ भन्ने थाहा पाउन नियमित स्वास्थ्य परीक्षण गराउनुपर्छ। स्वास्थ्य परीक्षण गराउँदा रक्तचाप, रगतमा ग्लुकोज, कोलेस्टेरोल आदि जँचाउनुका साथै पेटको नाप र मोटोपनबारे पनि जानकारी लिनुपर्छ।
- आफूलाई रहेको खतराबारे जानकारी पाए पछि स्वास्थ्यकर्मीसँग यी खतराहरूबाट मुक्त रहन के कसो गर्ने हो त्यसबारे परामर्श लिनुपर्छ।
- हृदयघात र मस्तिष्कघातको प्रमुख कारण उच्चरक्तचाप हो जसको कुनै लक्षण हुँदैन। औजारले नजाँची रक्तचाप कति छ थाहा हुँदैन। यस्तै प्रकारले मधुमेह साथै रगतमा कोलेस्टेरोल बढेको छ छैन भन्ने बारे थाहा पाउन नियमित रुपमा रगतको परीक्षण गराउनुपर्दछ।
- नियमित ब्यायाम गर्ने, नुन, चिल्लो र चिनी कम खाने, चुरोट, सुर्ती नखाने, मोटोपन घटाउने, मानसिक तनाव नियन्त्रण गर्ने तर्फ लाग्नुपर्छ।
- दैनिक प्रशस्त मात्रामा फलफूल र हरियो तरकारी खानुपर्छ।
- धूमपान निषेधित सार्वजनिक स्थलहरू विस्तार गर्दै जान सम्बन्धित निकायहरूले सहयोग गर्नुपर्छ।
- तरकारी र फलफूलमा विषादी र रसायनको प्रयोगलाई निरुत्साहित गरिनुपर्छ।
- बढी गुलियो, नुनिलो, चिल्लो र तयारी खानाहरू (फास्टफुड) को उपभोग कम गर्नु पर्छ।
- मानसिक तनाव र उत्तेजनालाई नियन्त्रण गर्नुपर्छ।
- आफूभित्र प्रशन्नता, सन्तुष्टि, सहयोगी र दानी प्रवृत्तिको विकास गर्न सके सुख र स्वास्थ्य दुवै पाउन सकिन्छ।

आयु घटाउने मन्द विष

एक खिल्ली चुरोटले मानिसको आयु औसत साढे पाँच मिनेट घटाउने विभिन्न अध्ययनले देखाएका छन्। यस हिसाबले हेर्दा वर्षमा धूमपान गर्नेको वर्षमा एक महिना आयु घट्छ। ५० वर्षमा चार वर्ष आयु घट्छ। धूमपान गर्ने व्यक्ति जति वर्ष बाँच्छ, ती वर्ष पनि कष्टयुक्त हुन्छ। धूमपानले सेवनकर्तालाई मात्र होइन, वरपर बस्ने मानिसलाई समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा असर गर्छ।

युवावयदेखि नै धूमपान सुरु गरेर लगातार २० वर्ष वा त्यसभन्दा बढी समय सेवन गर्ने व्यक्तिको मृत्यु धूमपान नगर्ने व्यक्तिको तुलनामा २० देखि २५ वर्षअघि हुन सक्ने अध्ययनहरूले देखाएका छन्। कुनै पनि एकल रोगभन्दा बढी मृत्युकारक रोग निम्त्याउने पदार्थ धूमपान नै हो। यसले २५ किसिमका विभिन्न रोगहरू प्रत्यक्ष किसिमले निम्त्याउँछ। र, विभिन्न दुईतिहाइ जति क्यान्सरहरू गराउने जोखिम हुन्छ। सुर्ती सेवनले असर नपार्ने शरीरको कुनै पनि अंग, तन्तु छैन। फोक्सो, मुख तथा श्वास नलीको क्यान्सर, उच्च रक्तचाप, हृदयाघात, कलेजोको सिरोसिस, ब्रोन्काइटिस, क्यान्सरलगायतका प्राणघातक रोगका कारक नै सुर्तीजन्य पदार्थ हुन्। सुर्तीमा रहेको निकोटिन नामक मन्द विषले मानव शरीरमा ठूलो नोक्सानी पुऱ्याउँछ। यही रसायनको कारण तलतली लाग्ने र धूमपानको लत लाग्ने गर्छ।

धूमपानले स्वास्थ्यमा त प्रतिकूल असर पार्छ नै आर्थिक, सामाजिक, पारिवारिक र वातावरणीय दृष्टिकोणले पनि ठूलो नोक्सानी पुऱ्याउँछ। सुर्तीजन्य पदार्थका अम्मलीको खर्चले परिवारको लागि आवश्यक गास, बास र कपासको व्यवस्थापनमा असर पार्दछ र पारिवारिक झगडा, कलह निम्त्याउँछ।



मुख र दाँतमा असर

विभिन्न स्वास्थ्य शिविरमा मुख परीक्षण गर्दा मैले ७१ दशमलव ४ प्रतिशतभन्दा बढी महिला, ८५ प्रतिशतभन्दा बढी पुरुषद्वारा कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको सेवन गर्ने गरेको पाएको छुँ। १५ सय बढी विभिन्न स्वास्थ्य शिविरमा मुख परीक्षण गर्दाको यस खालको नतिजा पाइएको हो। शरीरको प्रवेशद्वार हो, मुख। सुर्तीजन्य पदार्थ मुखबाट प्रवेश गर्ने भएकोले सुरुवातमै मुख, दाँतमा विभिन्न समस्या उत्पन्न गराउँछ। तुलनात्मक रूपमा मुखको लागि धुवाँरहित सुर्ती सेवनले बढी हानिकारक र छिटो नकारात्मक असर गराउने गरेको देखिन्छ।

सुर्तीले दाँतलाई कालो,खस्रो बनाउँछ। दाँत खियाउने,दाँतका टुक्रा निकाल्ने गर्दछ। सिधै पर्ने ताप र विषले मुखका कोषलाई मार्छ। थुक बढी निकाली दन्तपत्थर छिटो र धेरै बढाउँछ। लचकता घटाउने र कोष कडा बनाउने केराटीन निकाल्ने कोष बढाउँछ र बाख्लो बनाँउछ। शरीरमा प्रतिरोधात्मक शक्ति घटाउने भएकाले मुखका घाउ निको हुन ढिलो हुन्छ। दन्तहर्षा, पाइरिया बनाउँछ। मुखमा, गिजामा सेतो दाग, पत्र, ल्युकोईडेमा, ल्युकोप्लाकिया, ईरिथ्रोप्लाकिया र प्री ल्युकोप्लाकिया तथा च्यापुमा घाउ निम्त्याउँछ।

स्मोर्कस प्यालेट, एनग, गिजाको विषाक्तता ल्याउँछ। दाँत बस्ने हड्डीको नोक्सान गर्दछ। सुर्ती सेवनकै कारण देखिने मुखमा विभिन्न समस्याहरू (ओरल लाइकन प्लानस, चिवरस म्युकोसा,सेन्ट्रल पेपिलरी एट्रोफी अफ टुइपीथेलियल डिस्प्लासिया) उत्पन्न गर्छ। त्यस्तै क्यान्सर हुनुपूर्वका अवस्थाहरू प्रि-क्यान्सेरेस लिजन ल्याउँछ। ततपश्चात् मुखको अर्बुदरोग जस्तो प्राणघातक रोग तथा समस्या निम्त्याई मृत्युसमेत गराउँछ धूमपानले अनगिन्ती दाँत तथा मुखका रोगहरू निम्त्याउँछ। धूमपान गर्नेमध्ये ११ प्रतिशतलाई मुटुरोग,५३ प्रतिशतलाई श्वास-प्रश्वास रोग,२८ प्रतिशतलाई क्यान्सर र ५ प्रतिशतलाई गिजासम्बन्धी रोग देखिने गरेका छन भने धूमपान गर्नेको छेउछाऊमा बस्नेमा ७२ प्रतिशतमा श्वास-श्प्रस्वास रोग,९ प्रतिशतमा मुटुरोग र १५ प्रतिशतमा क्यान्सर लागेको देखिएको छ। हालै ९ जिल्लामा गरिएको एक खोजमा दैनिक ५० रुपैयाँदेखि १ सय रुपैयाँ सुर्तीजन्य पदार्थमा खर्च गर्ने गरेको पाइएको छ। उक्त लत ४० देखि ५० वर्षसम्म रहने देखिएको छ। जसअनुसार मासिक ३ हजार र जीवनकालमा लाखौं खर्च गरेर रोग बोलाइरहेको दु:खलाग्दो अवस्था छ।

सन् २००३ मा वाई बी कार्की, केडी पन्थ र बीटी पाण्डेले नेपालमा गरेको खोजमा चुरोटमा १० प्रतिशत मूल्य बढाउँदा माग तथा खपत ८ दशमलव ८ प्रतिशतले कम हुन्छ। भारतमा गिदनको टोलीले सन २०११ मा गरेको एक खोजमा १० प्रतिशत मूल्यवृद्धि गर्दा बिडीमा १० दशमलव ३ प्रतिशत तथा चुरोटमा ९ दशमलव ४ प्रतिशत खपत कम हुन्छ। चीनमा हु र माओ ले सन् २००२ मा गरेको अध्ययनमा चुरोटमा गरिएको १० प्रतिशत मूल्यवृद्धिले खपतमा ५ देखि ६ दशमलव ४ प्रतिशत कमी ल्याउँछ। मूल्यवृद्धि गर्दा नया व्यक्ति उत्प्रेरित नभएको, सिक्दै गरेका युवाहरूले धूमपान गर्न कम गरेका, न्यून आय तथा गरिबले सेवनमा उल्लेखनीय कम गरेको पाइएको छ।



डा. प्रकाश बुढाथोकी
प्रमुख, दाँत एवं मुख रोग विभाग, वीर अस्पताल

दक्षिण एसियामै न्यून कर

सुर्तीजन्यपदार्थ नियन्त्रण ऐन कार्यान्वयनको चुनौती न्यूनीकरण गर्न सुर्तीमा प्रगतिशील कर लागू गर्न जरुरी छ। सुर्ती सेवनकर्ताबाट बढी राजस्व उठाइ रोगको दायित्वबोध पनि उसैलाई बोक्न लगाउनु प्रगतिशीलता हो। एफसीटीसीले पनि हरेक वर्ष सुर्तीमा कर बढाउँदै लानुपर्ने उल्लेख छ। विश्व बैंकको मापदण्डबमोजिम उपभोक्ता मूल्यको ६५ प्रतिशत, विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले ७० प्रतिशतसम्म कर लगाउनुपर्ने मापदण्ड तोकेको छ। तर, पनि नेपाल सरकारले औसत ३३ दशमलव ७ प्रतिशत (अन्त:शुल्क २२ दशमलव २ र मुल्यअभिवृद्धि कर ११ दशमलव ५ प्रतिशत) कर अर्थात् ज्यादै न्यून छ। जुन दक्षिण एसियालीमै न्यून हो।

सुर्तीजन्य पदार्थले कम्पनीलाई मुनाफा, राष्ट्रलाई राजस्व दिन्छ। तर, अम्मलीलाई केवल कष्टकर प्राणघातक रोगहरू र मृत्युमात्र दिन्छ। तसर्थ भोलिको स्वस्थ नागरिक र समृद्ध नेपालका लागि सुर्तीजन्य नियन्त्रण तथा नियमन गर्न बनेको ऐनको कार्यान्वयन र सुर्तीजन्य पदार्थको उपलब्धता,बढ्दो मूल्यवृद्धि विकल्प हो। सुर्तीजन्य पदार्थ ऐन २०६८ अनुसार सुर्तीजन्य पदार्थबाट संकलन भएको अन्त:शुल्कमध्ये एकमुष्ट ५/१० करोडभन्दा न्यूनतम २५ प्रतिशत रकम स्वास्थ्य कर कोषमा जम्मा गरी सो रकम धूमपानको नकारात्मक असरका बारेमा जनचेतना जगाउन, सिर्जीत रोगको उपचार गर्न खर्च गर्ने व्यवस्था छ।

अन्तमा, धूमपानको हानिकै कारण कैयौंको हृदयाघात,मस्तिष्कघात भएर ज्यान गइसकेको छ। कतिपय व्यक्ति बिछ्यौनामा छटपटाइरहेका छन्। धूमपानकै कारण हरेक वर्षमा ३९ हजारको ज्यान लिइरहेको छ। यस्तो पीडादायी अवस्थाप्रति कहिलेसम्म मुकदर्शक भइरहने?

सुरक्षित स्तनपान, स्वस्थ जीवन

जन्मेको केही दिनसम्म आमाको स्तनबाट आउने बाक्लो पहेँलो दूधलाई बिगौती दूध (कोलोस्ट्रम) भनिन्छ। यसमा रोगसँग लड्ने प्रतिरोधात्मक तत्व प्रशस्त हुने भएकाले यसलाई शिशुको 'पहिलो खोप' समेत भनिन्छ। जन्मेको एक घण्टाभित्रै स्तनपान सुरु गराउँदा नवजात शिशुलाई संक्रमणबाट जोगाउन, नवजात शिशुको मृत्युको जोखिम घटाउन र आमाको स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्न मद्दत पुग्छ। स्तनपानले शिशुलाई आवश्यक पोषण दिनुका साथै आमा र शिशुबीचको भावनात्मक सम्बन्धसमेत बलियो बनाउँछ।



स्तनपानबाट शिशुलाई हुने फाइदा

- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।
- शारीरिक तथा मानसिक विकासमा सहयोग गर्छ।
- संक्रमणबाट जोगाउँछ।
- कुपोषण तथा अत्यधिक वजन बढ्ने जोखिम घटाउँछ।
- आमा र शिशुबीचको आत्मीयता अनुभूति बढाउँछ।

स्तनपान गराउँदा आमालाई हुने फाइदा

- बच्चाप्रतिको आत्मीयता र भावनात्मक सम्बन्ध प्रगाढ बनाउँछ।
- सुत्केरीपछि हुने अत्यधिक रक्तस्रावको जोखिम घटाउन सहयोग गर्छ।
- पाठेघरलाई सामान्य अवस्थामा फर्किन मद्दत गर्छ।
- स्तन तथा पाठेघरको क्यान्सरको जोखिम घटाउन सहयोग गर्छ।

६ महिनासम्म स्तनपानमात्रै

शिशु जन्मेदेखि ६ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्ने विश्वव्यापी सिफारिस छ। यस अवधिमा शिशुलाई आवश्यक पर्ने ऊर्जा तथा अधिकांश पोषक तत्व आमाको दूधबाटै प्राप्त हुन्छ। ६ महिनापछि उपयुक्त पूरक आहार सुरु गर्दै कम्तीमा दुई वर्ष वा त्यसभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिन सिफारिस गरिएको छ। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको अनुचित प्रयोगले शिशुको स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ। स्तनपान पर्याप्त नहुँदा वा प्रतिस्थापन गर्ने वस्तुको असुरक्षित प्रयोग हुँदा संक्रमण, कुपोषण तथा भविष्यमा मोटोपना र मधुमेहजस्ता नसर्ने रोगको जोखिम बढ्न सक्छ।

स्तनपान नगर्ने शिशुमा झाडापखाला तथा श्वासप्रश्वाससम्बन्धी संक्रमणको जोखिम पनि बढी हुने विभिन्न अध्ययनहरूले देखाएका छन स्तनपानले शिशुको मस्तिष्क तथा बौद्धिक विकासमा समेत सकारात्मक भूमिका खेल्ने प्रमाणहरू छन्। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)का अनुसार जन्मेको पहिलो घण्टाभित्र स्तनपान सुरु गराउँदा नवजात शिशुको मृत्युको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

नेपालमा स्तनपानको अवस्था कस्तो छ ?

नेपालमा स्तनपानको अभ्यासमा केही सुधार देखिए पनि अझै अपेक्षित अवस्थामा पुग्न सकेको छैन।नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नेपालमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने दर ५६ प्रतिशत छ। त्यस्तै, जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गराउने दर ५५ प्रतिशत र दुई वर्षसम्म स्तनपानलाई निरन्तरता दिने दर ७४ प्रतिशत रहेको छ।प्रदेशगत रूपमा पूर्ण स्तनपानको दर कर्णाली र सुदूरपश्चिममा सबैभन्दा बढी ७४ प्रतिशत र लुम्बिनीमा सबैभन्दा कम ३६ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ।यी तथ्यांकले स्तनपानको अभ्यासमा सुधारको सम्भावना भए पनि जन्मेको पहिलो घण्टामै स्तनपान सुरु गराउने विषयमा अझै ठूलो चुनौती रहेको देखाउँछ।

स्तनपान र बाल पोषणको सम्बन्ध

स्तनपान बाल पोषणको आधार हो। नेपालमा पाँच वर्षमुनिका बालबालिकामा कुपोषण अझै गम्भीर जनस्वास्थ्य समस्याका रूपमा रहेको छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार पाँच वर्षमुनिका बालबालिकामध्ये २५ प्रतिशत पुड्कोपन, ८ प्रतिशत ख्याउटेपन, १९ प्रतिशत कम तौल र ४३ प्रतिशत रक्तअल्पताबाट प्रभावित छन्। विश्वभर पाँच वर्षमुनिका बालबालिकाको मृत्युको ठूलो हिस्सा कुपोषणसँग सम्बन्धित हुने भएकाले बाल कुपोषण न्यूनीकरणमा स्तनपानको भूमिका महत्त्वपूर्ण छ। जीवनको सुरुवाती चरणमा पर्याप्त स्तनपान र त्यसपछि उपयुक्त पूरक आहारले बालबालिकाको वृद्धि तथा विकासमा महत्वपूर्ण योगदान पुर्याउँछ। स्तनपान केवल आमाको व्यक्तिगत जिम्मेवारी होइन। आमालाई स्तनपान गराउन सहज वातावरण सिर्जना गर्नु परिवार, कार्यस्थल, स्वास्थ्य संस्था, समुदाय र राज्य सबैको साझा जिम्मेवारी हो।

के हुन् पाणिनीले प्रतिपादन गरेका व्याकरणका १४ सूत्र ?

प्रेमनारायण आचार्य | *अर्घाखाँची*



पाणिनी तपोभूमि धार्मिक, ऐतिहासिक, भाषिक तथा प्राकृतिक दृष्टिले अनुपम धरोहर हो। अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका-१ र २ को सिमानामा रहेको यस पवित्र स्थलमा हजारौं वर्षअघि हालको पाकिस्तानको लाहोर क्षेत्रबाट आएका महर्षि पाणिनीले यही स्थानमा कठोर तपस्या गरेको धार्मिक विश्वास रहिआएको छ।

तपस्याबाट प्रसन्न भएका भगवान् शिव भगवानले नटराजको रूपमा प्रकट भई डम्मरु बजाउँदै नाच्नुभएको र डम्मरुको ध्वनिबाट निस्किएका 'अइउण्', 'ऋलृक्' लगायत १४ माहेश्वर सूत्रका आधारमा महर्षि पाणिनिले संस्कृत व्याकरणको रचना गरेको किंवदन्ती आज पनि जनमानसमा जीवित छ।

यिनै १४ माहेश्वर सूत्रलाई संसारको भाषिक इतिहासको आधार मानिन्छ। संस्कृत व्याकरणको वैज्ञानिक संरचना निर्माण गर्ने महर्षि पाणिनीको 'अष्टाध्यायी' ग्रन्थ विश्वकै उत्कृष्ट व्याकरण ग्रन्थमध्ये एक मानिन्छ। यही कारण पाणिनी तपोभूमिलाई विश्व भाषाको उत्पत्तिस्थल तथा भाषा सम्पदाको प्रमुख केन्द्रका रूपमा समेत हेरिन्छ।

पाणिनी तपोभूमि केवल धार्मिक आस्थाको केन्द्र मात्र होइन, प्राकृतिक सौन्दर्यले भरिपूर्ण अनुपम पर्यटकीय गन्तव्य पनि हो। पहाडको चुचुरोमा रहेको समथर भूभाग, चारैतिर फैलिएका हरिया वन, गुराँसका जंगल, दुर्लभ जडिबुटी, शीतल वातावरण र मनोरम दृश्यले यहाँ पुग्ने जो-कोहीलाई मोहित बनाउँछ। उत्तर फर्केर हेर्दा हिमशृंखला देखिन्छ भने दक्षिणतर्फ दृष्टि पुग्याउँदा तराईका विशाल फाँटहरू हुँदै भारतीय भूमि गोरखपुरसम्म अवलोकन गर्न सकिन्छ।

तीनगिरेबाट केही मिनेट उकालो हिँडेपछि पुगिने यस तपोभूमिमा अहिले सडक सुविधा पनि विस्तार भइसकेको छ। पक्की सडकमार्फत पाणिनी दहसम्म सहज रूपमा पुग्न सकिन्छ। बुटवलबाट तानसेन-पोखराथोक हुँदै वा सालझन्डी-ढोरपाटन सडक प्रयोग गरी करिब दुई घण्टामै यस क्षेत्रमा पुग्न सकिने भएकाले धार्मिक पर्यटनको दृष्टिले पनि यसको सम्भावना बढ्दै गएको छ। पाणिनी तपोभूमि परिसरमा गणेश मन्दिर, शिव मन्दिर, हनुमान मन्दिर, कृष्ण मन्दिर, अन्य देवीदेवताका मन्दिर, धर्मशाला, पुराण मण्डप, फलफूलका बगैंचा तथा ऐतिहासिक दह रहेको छ। दहको बीचभागमा स्थापित भगवान् शिवको भव्य मूर्तिले यस क्षेत्रको आकर्षण अझ बढाएको छ। यहाँको प्राकृतिक सौन्दर्यलाई शब्दमा भन्दा प्रत्यक्ष अवलोकन गर्दा बढी अनुभूति गर्न सकिने स्थानीयवासी बताउँछन्।

पाणिनी गाउँपालिकाका पूर्वअध्यक्ष अच्युत गौतमका अनुसार पाणिनी ऋषिले यही भूमिमा तपस्या गरेको र यहींबाट संस्कृत व्याकरणको उत्पत्ति भएको पुष्टि गर्ने अनेक धार्मिक तथा ऐतिहासिक प्रमाणहरू उपलब्ध छन्। उनले यो क्षेत्रलाई विश्व भाषाको उद्गमस्थलका रूपमा स्थापित गर्न राज्यले थप अनुसन्धान, संरक्षण र प्रचारप्रसारमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन्।

यस तपोभूमिको अर्को विशेषता एउटै भूभागबाट बगेको पानी उत्तरतर्फ बगे कालीगण्डकी नदीमा र दक्षिणतर्फ बगे वाणगंगा नदीमा पुग्नु हो। लुम्बिनी, सुपा देउराली, स्वर्गद्वारी, रेसुंगा तथा रुरु क्षेत्रको नजिकै रहेको यो भूभाग धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र बन्न सक्ने प्रशस्त सम्भावना बोकेको छ।

पाणिनी तपोभूमि संरक्षण समितिका अध्यक्ष पुष्कर्राज पोखरेलका अनुसार स्वर्गीय स्वामी कृष्णानन्द परमहंसले लेख्नुभएका विभिन्न धार्मिक ग्रन्थमा महर्षि पाणिनीले यही क्षेत्रमा तपस्या गरेको उल्लेख गरिएको छ। तक्षशीला विश्वविद्यालयमा अध्ययन गरेपछि अझ गहिरो ज्ञान प्राप्त गर्न उपयुक्त तपोभूमिको खोजी गर्दै आएका पाणिनिले अन्ततः घनघोर जंगलले घेरिएको यस समशीतोष्ण क्षेत्रमा कठोर तपस्या गरेको धार्मिक व्याख्या पाइन्छ।

धार्मिक ग्रन्थअनुसार पाणिनीले सुरुमा रुखका पात, त्यसपछि पानी र अन्त्यमा हावा मात्र ग्रहण गरेर भगवान् शिवको आराधना गरेका थिए। उनको तपस्याबाट प्रसन्न भएर भगवान् शिवले डम्मरु बजाउँदै प्रकट भई १४ माहेश्वर सूत्र प्रदान गर्नुभएको र त्यही सूत्रका आधारमा संस्कृत व्याकरणको निर्माण भएको विश्वास गरिन्छ।

- महर्षि पाणिनीले यहीँ तपस्या गरी संस्कृत व्याकरणको आधार तयार गरेको धार्मिक विश्वास।
- भगवान् शिवको डम्मरुबाट १४ माहेश्वर सूत्र प्राप्त भएको किंवदन्ती।
- पाणिनीको अष्टाध्यायी विश्वकै उत्कृष्ट व्याकरण ग्रन्थमध्ये एक मानिने।

संस्कृतका विद्वान् पण्डित केशवानन्द मरासिनीका अनुसार महर्षि पाणिनीका १४ माहेश्वर सूत्रकै आधारमा लघुसिद्धान्त, मध्यसिद्धान्त, सिद्धान्तकौमुदीलगायतका व्याकरण ग्रन्थहरूको विकास भएको हो। पाणिनीपछि कात्यायनी र पतञ्जलीजस्ता विद्वान्ले पनि यही व्याकरण परम्परालाई अघि बढाएका थिए। विश्वप्रसिद्ध विद्वान् म्याक्समुलरले समेत हिन्दुहरूको व्याकरण प्रणाली संसारकै उत्कृष्टमध्ये एक भएको उल्लेख गरेका छन्।

शिवजी प्रशन्न भएर प्रतिपादन गरेको १४ सूत्रलाई अहिले माहेश्वर सूत्राणी पनि भन्ने गरिएको छ। सोही सूत्रका आधारमा संस्कृत व्याकरणको रचना गरिएको हो। १४ सूत्र भन्नाले अइउण्, ऋलृक्, एओङ्, ऐऔच्, हयवरट्, लण्, यमङणनम्, झभय्, घढधस्, जवगडदश्, खफछठथचटतप्, कपय्, शषसर् र हल बुझिन्छ। १४ सूत्रको अन्तिमका अक्षरको महत्त्व हुँदैन। अधिल्ला अक्षरबाट संस्कृत र नेपाली भाषाको स्वर वर्ण र व्यञ्जन वर्ण बनेका छन्। यिनै सूत्रको आधारमा संहिता, गुण, वद्धि, एकवचन, बहुवचन, प्रत्यय आदि बनेका छन्। संस्कृत भाषामा रहेका हिन्दु धर्मका चार वेद तथा अन्य ५० भन्दा बढी पुस्तक अंग्रेजी भाषामा अनुवाद गरेका मेकसमुलरले भनेका छन्, 'हिन्दुहरूको व्याकरण र अन्वयको योग्यता विश्वमा भएका जातिहरूको व्याकरणभन्दा अत्यन्तै श्रेष्ठ छ।'

पाणिनी गाउँपालिकाको नाम पनि पाणिनी ऋषिले तपस्या गरेको तपोभूमिको नामबाट रहन गएको हो। अर्घाखाँची जिल्ला र आसपासका क्षेत्रमा पाणिनी ऋषिको नामबाट विभिन्न विद्यालय, क्याम्पस, व्यवसाय आदिका नाम पनि रहन गएका छन्। सन्धिखर्कमा रहेको पाणिनी बहुमुखी क्याम्पस, पाणिनी वेद विद्याश्रम आदि उदाहरण हुन्। यति ठूलो भाषिक र सांस्कृतिक महत्त्व बोकेको भए पनि पाणिनी तपोभूमि अझै अपेक्षाअनुसार विश्वसामु चिनिन सकेको छैन। विश्वका विभिन्न देशमा संस्कृत, भाषा विज्ञान तथा व्याकरण अध्ययन गर्ने विद्वान्हरू महर्षि पाणिनिबारे अध्ययन गर्छन्, तर उनको तपस्यास्थलका रूपमा रहेको अर्घाखाँचीको यस ऐतिहासिक भूमि भने अझै व्यापक प्रचारप्रसारको पर्खाइमा छ।

२०७६ सालमा नेपाल सरकारले देशका एक सय प्रमुख पर्यटकीय गन्तव्यभित्र पाणिनी तपोभूमिलाई समावेश गरेपछि यसको विकासप्रति आशा बढेको छ। पाणिनी गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेका अनुसार धार्मिक तथा सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा यस क्षेत्रलाई विकास गर्न गाउँपालिका सक्रिय रूपमा लागिरहेको छ। लुम्बिनी, सुपा देउराली, रुरु क्षेत्र, स्वर्गद्वारी लगायतका धार्मिक गन्तव्यसँग पाणिनि तपोभूमिलाई जोडेर पर्यटन प्रवर्द्धन गर्ने योजना अघि बढाइएको उनले बताए।

विश्व भाषाको उत्पत्तिसँग जोडिएको इतिहास, भगवान् शिवसँग सम्बन्धित धार्मिक आस्था, अनुपम प्राकृतिक सौन्दर्य र भाषिक सभ्यताको अद्वितीय गौरव बोकेको पाणिनी तपोभूमि नेपालको मात्र होइन, सम्पूर्ण विश्वकै साझा सांस्कृतिक सम्पदा हो। यसको संरक्षण, अनुसन्धान, प्रवर्द्धन र अन्तर्राष्ट्रिय प्रचार-प्रसार गर्न सकिएमा अर्घाखाँचीको यो पवित्र भूमि विश्व धार्मिक तथा भाषिक पर्यटनको महत्त्वपूर्ण केन्द्रका रूपमा स्थापित हुनेमा स्थानीयवासी, धार्मिक अगुवा र सरोकारवालाहरू विश्वस्त छन्।

हरित चाडपर्व उत्सव सुरु



ललितपुर (अन्नपूर्ण): जलवायु अनुकूलनमा टेवा पुऱ्याउनका लागि चाडपर्व संस्कृतिको प्रवर्द्धन गर्ने 'हरित उत्सव' अभियान शनिबारदेखि शुभारम्भ गरिएको छ।

चाडपर्वलाई वातावरणमैत्री, दिगो र जिम्मेवार बनाउने उद्देश्यसहित 'हरित उत्सव: परिवर्तनका लागि महिला' अभियान ललितपुरको पाटन दरबार क्षेत्रमा शुभारम्भ गरिएको हो। कार्यक्रममा प्रतिनिधिसभामा नेपाली कांग्रेसकी प्रमुख सचेतक वासना थापाले वातावरण संरक्षणका लागि पुनःप्रयोगको अभ्यासले समाजमा सकारात्मक प्रभाव पार्ने बताइन्। 'वातावरण संरक्षण हाम्रो जिम्मेवारी हो, हाम्रा संरक्षित सम्पदा र हरित वातावरणले सकारात्मक प्रभाव पार्छन्, जलवायु परिवर्तन कुनै एक वर्ग वा समुदायको मात्र सरोकार नभई सबै नागरिकको साझा विषय हो,' प्रमुख सचेतक थापाले भनिन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले जलवायु परिवर्तनका कारण समाजका सबै वर्ग प्रभावित भइरहेको बताउँदै यो महिला वा अल्पसंख्यक समुदायको मात्रै सरोकारको विषय नभएको उल्लेख गरिन्। श्रेष्ठले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आवश्यक नीतिगत व्यवस्था तथा कानुनी प्रबन्धमा ध्यान दिँदै संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिन्।

मधेसी आयोगकी सदस्य रेणु साहले विश्वव्यापी रूपमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न हरित अभियान, पुनःप्रयोग र पुनःचक्रणलाई प्राथमिकता दिनुपर्ने धारणा राखिन्। साहले वातावरण संरक्षणका लागि सबै पक्षले एकअर्कालाई सहयोग गर्दै अघि बढ्नुपर्ने बताइन्।

उनले प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेमा समेत जोड दिइन्। त्यस्तै, कृषि, वन तथा पर्यावरण मन्त्रालयकी उपसचिव मधु घिमिरेले उपलब्ध स्रोत-साधनको अधिकतम उपयोगमा ध्यान दिनुपर्ने बताउँदै प्रत्येक स्रोतको उपयोग गर्दा थोरैबाट पनि बढीभन्दा बढी लाभ लिन सकिने गरी दिगो र जिम्मेवार उपभोगको अभ्यास विकास गर्नुपर्नेमा जोड दिइन्।

साथसाथै फाउन्डेसनकी अध्यक्ष प्रजिता कार्कीले यो कार्यक्रम वातावरण संरक्षणसम्बन्धी सचेतना जगाउने अभियान भएको बताइन्। उनले महिलावादी संस्था तथा जलवायु परिवर्तनसँग जोडिएका समस्याका क्षेत्रमा काम गर्ने संस्थाहरूसँग सहकार्य गर्दै अघि बढ्ने धारणा राखिन्। 'जलवायु अनुकूल मानवीय गतिविधिलाई प्राथमिकता दिनु सबैको जिम्मेवारी हो। प्रकृतिको संरक्षणबाट मात्रै मानव अस्तित्व सुरक्षित गर्न सकिन्छ।

चाडपर्वका समयमा हुने अत्यधिक प्लास्टिकको प्रयोग तथा वातावरणमा नकारात्मक प्रभाव पार्ने गतिविधि न्यूनीकरण गर्दै पुनःप्रयोग र व्यवहार परिवर्तनमा जोड दिनुपर्छ,' उनले भनिन्।

अधिकारकर्मी सरु श्रेष्ठ जोशीले चाडपर्वका नाममा बढ्दो उपभोग, प्रत्येक अवसरमा नयाँ पोसाक खरिद गर्ने प्रवृत्ति, प्लास्टिकजन्य सामग्रीको अत्यधिक प्रयोग तथा खाद्यान्न खेर फाल्दा वातावरणीय प्रदूषण मात्र नभई महिलामाथि पर्ने अदृश्य श्रम, आर्थिक भार र सामाजिक दबाबसमेत बढाएको उल्लेख गरिन्।

फाउन्डेसनले अन्तरपुस्ता नारीवादी मञ्च (आईजीएफएफ) तथा ललितपुर महानगरपालिकाको सहकार्यमा आयोजना गरेको उद्घाटन कार्यक्रममा महिला, युवा, कलाकार, जलवायु अभियन्ता, सामाजिक अभियन्ता, नागरिक समाजका प्रतिनिधि, जनप्रतिनिधि, सरकारी अधिकारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागिता थियो।

१ वर्षमा ४४७ वन्यजन्तुको उद्धार



गोपाल शर्मा भट्टराई | *दाङ*

दाङको देउखुरी क्षेत्रमा एक वर्षको अवधिमा साढे ४ सय वन्यजन्तु उद्धार गरिएको छ। डिभिजन वन कार्यालय देउखुरीले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न प्रजातिका २ सय ४३ वन्यजन्तुको उद्धार गरेको तथ्याक सार्वजनिक गरेको छ। उद्धार गरिएकामध्ये सबैभन्दा धेरै सर्प प्रजातिका छन्। सर्प प्रजातिका ४ सय ३१ वटा वन्यजन्तु उद्धार गरिएको छ। तीमध्ये ९ वटा अजिंगर, १ वटा राजगोमन र अन्य ४ सय २१ कोब्रा लगायतप्रजातीका सर्पहरू रहेका छन्। घाइते, टुहुरा, बाटोबिराएर बस्तीमा पुगेका वा अन्य कारणले संकटमा परेका वन्यजन्तुको उद्धार गरिँदै आएको छ।

कार्यालयका वरिष्ठ फरेस्टर चिरञ्जिबी खनालका अनुसार उद्धार गरिएका सर्पमा २ सय ७० वटा कोब्रा, ४२ वटा धामन, ४५ वटा करेत, १४ वटा शृगारे, १७ वटा विरालु, ९ वटा अजिंगर, १ वटा राजगोमन, १ वटा रसेल भाइपर, ३२ वटा वटा पानी सर्प छन्। त्यसैगरी १ वटा चितुवा, २ वटा चित्तल, ४ वटा रतुवा, ५ वटा गिद्ध, ३ वटा वन बिराले, १ वटा कछुवा उद्धार गरिएको वरिष्ठ फरेस्टर खनालले बताए। वन कार्यालयले पछिल्लो एकवर्षको अवधिमा वन्यजन्तु संरक्षण तथा उद्धार अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ। मानव बस्तीमा प्रवेश गरेका तथा विभिन्न कारणले जोखिममा परेका वन्यजन्तुको समयमै उद्धार गरी सुरक्षित प्राकृतिक वासस्थानमा फर्काउने कार्यलाई कार्यालयले प्राथमिकताका साथ अघि बढाएको छ।

वन्यजन्तु उद्दारकर्ता शिवु खनालले देउखुरी क्षेत्रमा रहेका चार स्थानीय तहका स्थानीयहरूको घर, सार्वजनिक स्थान र विभिन्न क्षेत्रबाट सकुशल रूपमा उद्धार गरिएका सर्पहरू आवश्यक प्रक्रिया पुऱ्याएर प्राकृतिक बासस्थानमा छोडिएको बताउछन। हामीले उद्धार गरेका वन्यजन्तु अधिकांश सामान्य र केही घाइते अवस्थामा रहेका थिए। घाइते वन्यजन्तुलाई वन कार्यालयमा राखेर औषधि उपचारपश्चात् पूर्णरूपमा निको भएपछि मात्र प्राकृतिक वासस्थानमा नै छोड्ने गरेका छौं।' खनालले भने, जंगलमा आहाराको मात्रा कम हुनु, मानिसको बढी चहलपहल हुनु, बाटो बिराएर मानवबस्तीमा प्रवेश गर्नुलगायत कारणले वन्यजन्तु आफ्नो बासस्थानबाट बाहिर निस्किएर अलपत्र पर्ने गरेको देखियो।

उद्धार गरिएका ४३१ सर्प प्रजातिका मात्रै

डिभिजन वन कार्यालय देउखुरीका प्रमुख गणेश खड्काले स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षाकर्मी, पत्रकार तथा स्वयंसेवी संरक्षणकर्मीको समन्वयका कारण उद्धारकार्य प्रभावकारी बनेको बताए।

उनले वन्यजन्तु संरक्षणलाई केवल सरकारी निकायको दायित्वका रूपमा नभई सम्पूर्ण समाजको साझा जिम्मेवारीका रूपमा लिनुपर्ने बताए। वन्यजन्तुहरू मानव बस्तीमा प्रवेश गर्नुका पछाडि वन विनाश, बासस्थानको संकुचन, जलवायु परिवर्तन तथा खाद्यान्नको अभावजस्ता विभिन्न कारण रहेको उनको भनाइ छ। सुरक्षित रूपमा उद्धार गरी प्राकृतिक बासस्थानमा फर्काउनु हाम्रो पहिलो दायित्व हो।' उनले भने, त्यहीअनुसार हामी अघि बढेका छौं।

उनले वन्यजन्तुको संरक्षणका लागि उद्धार मात्र पर्याप्त नभई वन क्षेत्रको संरक्षण, जैविक विविधताको व्यवस्थापन, जनचेतना अभिवृद्धि र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका कार्यक्रमलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको बताए। वन्यजन्तु देखिएमा डराउने, आक्रमण गर्ने वा मार्ने होइन, तत्काल सम्बन्धित निकायलाई जानकारी गराउनुपर्छ। हामी आगामी दिनमा उद्धार टोलीलाई थप दक्ष बनाउने, आवश्यक उपकरणको व्यवस्था गर्ने तथा स्थानीय तहसँगको सहकार्यलाई अझ सुदृढ बनाउने योजना रहेको खड्काले बताए।

१८ महिनापछि सञ्चालनमा आयो मोटरेवल पुल

जीवन सेजुवाल | *मुगु*



हरेक वर्ष गमगढी-नाक्चेलाग्ना सडक खण्डअन्तर्गत छायाँनाथ रारा नगरपालिका-१ अल्का साँघु भन्ने स्थानमा सास्ती खेप्दै आएका थिए। उक्त स्थानमा मोटरेवल पुल निर्माण सम्पन्न भएको १८ पुग्यो मुआब्जा बिवादका कारण प्रयोगमा नआएको यो पुल बुधबारबाट सञ्चालनमा आएपछि सर्वसाधरणलाई यातायातमा सहज भएको छ।

निर्माण सम्पन्न भएको १८ महिनापछि मुआब्जा विवादमा जग्गाधनी र छायाँनाथ रारा नगरपालिकाको सहमति भएपछि लामो समयदेखि प्रयोगमा आउन नसकेको यो पुल बुधबारदेखि सञ्चालनमा आउदा स्थानीयवासीले राहत महसुस गरेका हुन्। पुल सञ्चालनका लागि छायाँनाथ रारा नगरपालिका र जग्गाधनीबीच सहमति भएपछि पुलमा सवारी आवतजावत सुरु गरिएको हो। यसअघि पुलको पहुँचमार्ग पर्ने जग्गाको मुआब्जा नपाएको भन्दै जग्गाधनी धनबहादुर मल्लले आपत्ति जनाएपछि पुल सञ्चालन रोकिएको थियो।

विवाद समाधानका लागि पटक-पटक छलफल भए पनि निष्कर्ष ननिस्कँदा करिब १८ महिनासम्म पुल प्रयोगमा आउन सकेको थिएन। यस अवधिमा वर्षायाममा यातायातका साधनहरू पूर्णरूपले बन्द हुदा सर्वसाधरणले सास्ति खेप्नु परेको थियो।

छायाँनाथ रारा नगरपालिका-१ का वडा अध्यक्ष पदमराज मल्लका अनुसार पुल सञ्चालनमा आएपछि स्थानीयवासी निकै खुसी भएका छन्। उनले लामो समयदेखि सर्वसाधारणले भोग्दै आएको आवतजावतको समस्या अन्त्य भएको बताए। पुल सञ्चालनमा आएपछि छायाँनाथ रारा नगरपालिका-१०, ११ र १२ का बासिन्दासहित मुगुम कार्मारोङ गाउँपालिकातर्फ आवतजावत गर्ने सर्वसाधारण, कर्मचारी, विद्यार्थी, बिरामी तथा व्यापारीलाई सहज भएको स्थानीयको भनाइ छ।

वर्षायाममा खोला बढ्दा यातायातका साधनहरूलाई आवतजावत अत्यन्त जोखिमपूर्ण हुने गरेको थियो। सहमतिपछि बुधबार नगरप्रमुख विष्णुकुमार भामको नेतृत्वमा अल्का साँघु क्षेत्रमा डोजर परिचालन गरी सडकमा थुप्रिएको पहिरो, ढुंगा र माटो हटाइएको थियो। साथै पुल जोड्ने पहुँचमार्ग पनि खुलाइएपछि सवारी सञ्चालन सम्भव भएको स्थानिय भक्तबहादुर मल्लले बताए।

पुल सञ्चालनसँगै गमगढीदेखि मुगुम कार्मारोङ गाउँपालिकासम्मको सडक सञ्जाल थप सहज बनेको छ। हाल गमगढी-नाक्चेलाग्ना सडकखण्डको माग्रीडाँडामा सडक निर्माण कार्य जारी रहे पनि अल्का साँघु पुल सञ्चालनमा नआउँदा निर्माण सामग्री ढुवानीमा समेत समस्या भइरहेको थियो। मुगुम कार्मारोङ गाउँपालिका-१ का टासी तामाङका अनुसार अब पुल नियमित सञ्चालनमा आएपछि खाद्यान्न, औषधि, निर्माण सामग्री तथा अन्य अत्यावश्यक वस्तुको ढुवानी सहज हुने अपेक्षा गरिएको छ।

डिभिजन सडक कार्यालय जुम्लाले २०७८ फागुन ९ गते नाग्मादेखि मुगुको छायलसम्म १० वटा मोटरेबल पुल निर्माणका लागि हिम सगरमाथा निर्माण सेवासँग करिब ३२ करोड रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो। सम्झौताअनुसार २०८२ भदौ ९ गतेभित्र सबै पुल निर्माण सम्पन्न गर्नुपर्ने व्यवस्था थियो। हालसम्म १० मध्ये सातवटा पुल निर्माण सम्पन्न भइसकेका छन्। जुम्लाको गोठीज्युला, कालिकखेत तथा मुगुको लुम्स बगरस्थित पुल भने जग्गा विवादका कारण समयमै सम्पन्न हुन सकेका छैनन्। बाँकी पुल यथाशीघ्र सम्पन्न गर्न ठेकेदार कम्पनीलाई ताकेता गरिएको डिभिजन सडक कार्यालय जुम्लाले जनाएको छ।

डिभिजन सडक कार्यालय जुम्लाका प्रमुख श्रवण महताराले सम्झौताअनुसार सबै पुल तोकिएको समयभित्र सम्पन्न हुनुपर्ने भए पनि जग्गा विवादले केही आयोजना प्रभावित भएको बताए।

उनका अनुसार सर्वसाधारणलाई अनावश्यक सास्ती नहोस् भन्ने उद्देश्यले निर्माण सम्पन्न भएका पुलमध्ये अल्का साँघु पुललाई तत्काल सञ्चालनमा ल्याउनुपर्ने भएपनी जग्गा विवादका कारण १८ महिनासम्म यो पुल सञ्चालन ल्याउन नसकिएको र अहिले विवाद साम्य भएपछि सर्वसाधरणको आवतजावतमा बाधा नपर्का लागि पुल सञ्चालनमा आएको बताए।

नगरप्रमुख विष्णुकुमार भामले स्थानीयको लामो समयदेखिको समस्या समाधान गर्न नगरपालिकाले आवश्यक समन्वय र पहल गरेको बताउँदै अब नागरिकले सुरक्षित र सहज रूपमा यात्रा गर्न सक्ने विश्वास व्यक्त गरे। लामो समयदेखि प्रतीक्षामा रहेको अल्का साँघु मोटरेबल पुल सञ्चालनमा आएपछि स्थानीयवासीले खुसी व्यक्त गरेका छन्। उनीहरूले अब वर्षायाममा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यताको अन्त्य भएको स्थानियले बताएका छन्।

सेलिब्रिटीका...

हरेक वर्ष भारतबाट लाखौं श्रद्धालु पशुपतिनाथ दर्शनका लागि नेपाल आउने गरेका छन्। महाशिवरात्रिका अवसरमा मात्रै भारतका विभिन्न राज्यबाट हजारौं साधुसन्त, भक्तजन र विशिष्ट व्यक्तित्वहरू काठमाडौं पुग्ने परम्परा छ। भारतीय सेलिब्रिटीहरूको भ्रमणले नेपालको धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्न ठूलो योगदान पुऱ्याएको पर्यटन व्यवसायीहरू बताउँछन्।

पशुपतिनाथ मन्दिरको मूल ढोकाअगाडि रहेको महाराजा होटलका सञ्चालकमध्येका एककाअनुसार पछिल्लो समय होटल व्यवसाय चलेकै भारतीय धार्मिक पर्यटकहरूले गर्दा हो। अझ चर्चित सेलिब्रिटीहरू आएर आफ्ना फेसबुक र इन्स्टाग्राममा तस्बिरहरू पोस्ट गरिदिएपछि अन्तर्राष्ट्रिय स्तरमा धेरै राम्रो सन्देश जाने गर्छ। धार्मिक पर्यटनले होटल, यातायात, हस्तकला, स्थानीय व्यवसाय र सांस्कृतिक पर्यटनमा प्रत्यक्ष आर्थिक प्रभाव पार्ने भएकाले यस्ता भ्रमणहरूलाई नेपालका लागि सकारात्मक अवसरका रूपमा लिइन्छ। पशुपति क्षेत्रका स्थानीय समाजसेवी एवं पूर्वप्रदेशसभा सदस्य नरोत्तम वैद्य पशुपतिमा भारतीय पर्यटकको ओइरो लाग्नुमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय सेलिब्रिटीहरूकै मुख्य भूमिका रहेको बताउँछन्। वैद्य भन्छन्, 'मोदीजीले आफ्ना नागरिकहरूलाई डलर खर्च हुने ठाउँमा भन्दा आईसी (भारतीय रुपैयाँ) नै चल्ने ठाउँमा जान आग्रह गरिदिएकाले पनि भारतीय पर्यटकहरूको 'फ्लो' एकदमै बढेको छ। करिब १२ वर्षअघि पहिलोपटक प्रधानमन्त्रीका रूपमा नेपाल भ्रमणमा आउँदा उहाँले संसद्मा २० मिनेट सम्बोधन गर्दै 'तपाईं विश्वका जुनसुकै ठाउँमा तीर्थ गर्न जानुहोस्, तर नेपालको पशुपतिनाथको दर्शन नगरी त्यो पूर्ण हुँदैन' भनिदिनुभएको थियो। त्यसयता भारतीय पर्यटकको आगमन ह्वात्तै बढेको छ। पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग बढेसँगै चर्चित सेलिब्रिटीदेखि टीभी सिरियलका कलाकारहरूसम्मले पोस्ट गर्न थालेपछि यसको प्रभाव झनै बढेको छ।'

पशुपतिनाथ मन्दिर नेपालीहरूको आस्थाको केन्द्र मात्र नभई भारतसहित दक्षिण एसियाका करोडौं हिन्दु श्रद्धालुहरूको साझा आध्यात्मिक धरोहर हो। हरेक वर्ष भारतीय कलाकार, उद्योगपति, खेलाडी तथा राजनीतिक व्यक्तित्वहरूको आगमनले नेपालको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुगिरहेको व्यवसायीहरूको भनाइ छ।

दिल्लीका मुख्यमन्त्री पनि इच्छा

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले पनि पशुपतिनाथको दर्शन तथा पूजा-आराधनाका लागि छिट्टै नेपाल आउने इच्छा व्यक्त गरेकी छन्।

पाल्पा निर्वाचन क्षेत्र नं १ का सांसद सन्दीप राना नेतृत्वको टोलीसँगको भेटका क्रममा मुख्यमन्त्री गुप्ताले सो जानकारी दिएकी हुन्। पशुपतिनाथका कारण नेपाल र भारतबीच सदियौंदेखि धार्मिक तथा सांस्कृतिक सम्बन्ध प्रगाढ रहँदै आएको धारणा उनले व्यक्त गरिन्।

हिमपहिरोको...

हिउँ पग्लिएपछि बिहीबार शव देखिएको र स्थानीयले तत्काल लिखित रूपमा प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ। शुक्रबार हेलिकप्टरमार्फत प्रहरी टोली यलुङरिको आधार शिविरमा पुगे पनि मौसम खराब भएपछि शव नलिई फर्केको पनि जनाएको छ।

गत वर्ष कात्तिक १७ गतेको हिमपहिरोमा नेपाली पथप्रदर्शक सोलुखुम्बुको माप्य दूधकोशी गाउँपालिका-५ का मेरे कार्की र दोलखाको गौरीशंकर गाउँपालिका-९ का पदम तामाङको मृत्यु भएको थियो। हिमपहिरोमा परी इटलीका २, क्यानडाका १, फ्रान्सका १ र जर्मनीका १ पर्वतारोही बेपत्ता भएका थिए। यलुङ रिमा देखिएको शव हिमपहिरोमा बेपत्ता भएकाहरूको नै हो वा होइन भन्ने पहिचान भएपछि मात्रै भन्न सकिने प्रहरी कार्यालय दोलखाले जनाएको छ। सबै शव मौसमअनुकूल हुनेबित्तिकै ल्याइने पनि जनाएको छ।

अर्थतन्त्र

सुनचाँदीको भाउ



छापावाल सुन : २,९६,९००
चाँदी : ४५८०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.०४	१५२.६४
युरो	१	१७५.२७	१७५.९६
पाउन्ड स्टर्लिङ	१	२०४.३६	२०५.१६
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

बढेन लगानीकर्ताको मनोबल, सेयर बजार घटेको घटचै

तुला तिमिल्सिना | *काठमाडौं*

यसबेला लगानीकर्तामा भरोसा र आत्मबल बढेको देखिँदैन। सेयर बजारमा सुधार ल्याउन सरकारले केही प्रयास त गरेकै हो तर लगानीकर्ताको खस्किएको मनोबलका कारण सेयर बजार घटेको घटचै छ।

भनिन्छ- देशको अर्थतन्त्र लय कतातिर जाँदैछ, त्यसको संकेत सेयर बजारले दिन्छ। देशको अर्थतन्त्र सकारात्मक दिशामा अघि बढ्ने संकेत हुँदा सेयर बजार उकालोतिर लाग्छ भने अर्थतन्त्रमा कुनै सुधार नहुने अवस्थामा ओरालो यात्रामा लाग्छ।

साउनको तेस्रो सातामा नेप्से १ दिन मात्रै बढ्यो भने ४ दिनै घट्यो। अघिल्लो साता पनि ५ दिन सेयर कारोबार भएकोमा १ दिन बढेर ४ दिनै घटेको थियो।

अघिल्लो साता कारोबारको अन्तिम दिन शुक्रबार २६८५.५४ अंकमा बन्द भएको नेप्से यस साता सेयर कारोबारको पहिलो दिन सोमबार सामान्य अंकले घट्यो। त्यसदिन नेप्से १.२० अंकले घटेर २६८४.३३ विन्दुमा झऱ्यो। त्यसको भोलिपल्ट मंगलबार २१.१५ अंकले घट्यो भने बुधबार ४.७९ अंकले बढ्यो। त्यसपछिका कारोबारका दुवै दिन नेप्से घटे। बिहीबार नेप्से १३.८२ अंकले घट्यो। सेयर कारोबारको अन्तिम दिन शुक्रबार पनि नेप्से ४.०५ अंकले घटेर नेप्से २६५७.४४ विन्दुमा झऱ्यो।

सातामा चार दिनको कारोबारमा ४०.२२ अंकले घट्ने र एक दिनको कारोबारमा ४.७९ अंकले बढ्ने हुँदा नेप्सेमा ३५.४३ अंकले गिरावट आयो। अघिल्लो सातामा पनि नेप्से ४९.०४ अंकले घटेको थियो। यस सातामा शुक्रबार न्यून विन्दु २६४१.९३ मा र सोमबार उच्च विन्दु २७०५.४६ अंकसम्म नेप्से बढेर सेयर कारोबार भयो।

यस साता सबैभन्दा कम शुक्रबार ३ सय ३४ वटा कम्पनीको कारोबार भएकोमा बुधबार साताकै सबैभन्दा बढी ३ सय ५० स्क्रिप्टहरूको कारोबार भयो। अघिल्लो साता बढीमा ३ सय ६० स्क्रिप्टसम्मको कारोबार भएको थियो।

यस साता सबैभन्दा कम सेयर कारोबार शुक्रबार ३ अर्ब ७७ करोड ४३ लाख र सबैभन्दा बढी बिहीबार ४ अर्ब ६२ करोड २७ लाख रुपैयाँ भयो। साताभरिमा ५ दिनको कारोबारमा २१ अर्ब ४४ करोड ९६ लाख रुपैयाँको सेयर खरिदबिक्री भएको थियो। यसबाट औसतमा दैनिक ४ अर्ब २८ लाख ९९ हजार रुपैयाँको सेयर कारोबार भएको देखाउँछ। अघिल्लो साता भने २१ अर्ब ६७ करोड ८४ लाखको कारोबार हुँदा औसतमा दैनिक ४ अर्ब ३३ लाख ५७ हजार रुपैयाँबराबरको सेयर किनबेच भएको थियो। यसले सातामा औसत दैनिक सेयर कारोबार लगभग २ प्रतिशतले घटेको देखाउँछ। अघिल्लो साता भने औसत दैनिक सेयर कारोबार करिब २३ प्रतिशतले नै घटेको थियो।



सदनमा बसेर सेयर कारोबार गर्न नपाइने

प्रतिनिधिसभा बैठकमा बसेका बेला सांसदहरूले सेयर कारोबार गर्न नपाउने भएका छन्। कार्यव्यवस्था परामर्श समितिको बुधबार बसेको बैठकमा संसद्को गरिमा, मर्यादा र अनुशासनलाई प्रभावकारी बनाउने विषयमा छलफल गर्दै सभामुख डोलप्रसाद (डीपी) अर्यालले सांसदलाई यस्तो निर्देशन दिएका हुन्।

सभामुख अर्यालले संसद् बैठकको समयमा मोबाइल तथा ल्यापटपमार्फत गरिने सेयर कारोबार बैठकको गरिमाविपरीत हुने बताए। त्यसैगरी, उनले संसद्को मर्यादा कायम राख्न सबै सांसदले निर्धारित पोसाक लगाउने, आधिकारिक लोगो अनिवार्य रूपमा प्रयोग गर्ने र चिकित्सकको सिफारिसबिना कुनै पनि प्रकारको कालो चस्मा प्रयोग नगर्न पनि निर्देशन दिएका छन्।

नेप्सेको कुल बजार पुँजीकरण शुक्रबार ४५ खर्ब ५४ अर्ब ३६ करोड रुपैयाँ छ। अघिल्लो साताको अन्तिम दिन शुक्रबार बजार पुँजीकरण ४६ खर्ब १५ करोड २८ करोड रुपैयाँ पुगेको थियो। साताभरमा नेप्से ३५.४३ अंकले घट्दा कुल बजार पुँजीकरण ६० अर्ब ९२ करोड रुपैयाँले घट्न पुग्यो। अघिल्लो साता पनि कुल बजार पुँजीकरण ८४ अर्ब ३२ करोड रुपैयाँले घटेको थियो।

अघिल्लो साता ४ दिन सेयर सकरात्मक सर्किट लेभलमा कारोबार भएको एभरेस्ट कलरको यस साता पनि २ दिन यथावत हुन पुग्यो। यस साता बुधबार सोलु हाइड्रोपावर र बिहीबार अपर लोहोरे खोला हाइड्रोपावरको पनि सकारात्मक सर्किट लेभलमा कारोबार भयो। अघिल्लो साता एक दिन भने कालिञ्चोक हाइड्रोपावरको सेयर नकारात्मक सर्किट लेभलमा पनि कारोबार भएको थियो।

यस साता सर्वाधिक बढी कारोबार हुनेमा सोमबार रिलायन्स स्पिनिङ मिल्सको २७ करोड ६२ लाख, मंगलबार खानीखोला हाइड्रोपावरको ४० करोड ६६ लाख र बुधबार सोलु हाइड्रोपावरको ५८ करोड १० लाख रुपैयाँ छ। त्सैगरी, बिहीबार सर्वाधिक कारोबार रिडी पावर कम्पनीले ४७ करोड २४ लाख र शुक्रबार सोलु हाइड्रोपावरकै ३९ करोड २५ लाख रुपैयाँको भयो।

सेयर बजारमा सूचीकृत १३ उपसमूहमा यस साता ७ उपसमूहको घटेको थियो भने अरू ५ वटाको बढेको थियो। बढ्नेमा म्यानुफ्याक्चरिङ एन्ड प्रोसेसिङ; ट्रेडिङ; माइक्रो फाइनान्स, म्युचुअल फन्ड र इन्भेस्टमेन्ट समूह हुन्। अघिल्लो साता १२ वटाको घटेको थियो भने बैंकिङ समूहको बढेको थियो।

आईपीओ मूल्य अब प्रतिस्पर्धाबाट निर्धारण

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले आईपीओको मूल्य अब प्रतिस्पर्धाबाट निर्धारण गर्ने भएको छ। लगानीकर्ताको माग र बजार संकेतका आधारमा आईपीओमा मूल्य तय हुने भएको हो।

सेबोनले ल्याएको प्राथमिक बजार विकास श्वेतपत्रमा भनेको छ, 'आईपीओ मूल्य निर्धारणलाई कम्पनीको वास्तविक मूल्य, लगानीकर्ताको माग तथा बजार संकेतमा आधारित बनाउँदै बुक बिल्डिङलगायत वैज्ञानिक मूल्य निर्धारण प्रणालीलाई सुदृढ गरिनेछ।'

बुक बिल्डिङ विधि मूल्य निर्धारणको प्रतिस्पर्धी विधि हो। कम्पनी आईपीओमा आउनका लागि त्यसको मूल्य लगानीकर्ताले नै निर्धारण गर्ने बुक बिल्डिङलाई वैज्ञानिक विधि मानिन्छ। बुक बिल्डिङ विधिमा योग्य संस्थागत लगानीकर्ताले बोल कबोलमार्फत मूल्य तय गर्छन्। तय भएको मूल्यमा १० प्रतिशत घटाएर सर्वसाधारण लगानीकर्तालाई सेयर बिक्री गरिन्छ। सेबोनले आईपीओ निष्कासनका लागि २०७७ सालमै बुक बिल्डिङ निर्देशिका ल्याएको थियो।

दोस्रो बजारमा नयाँ उपकरण ल्याउने प्रक्रियामा सेबोन

सेबोनले दोस्रो बजार सुधार योजना कार्यान्वयनका लागि समन्वय तथा सहजीकरण गर्न रुपेश केसीको संयोजकत्वमा समिति बनाएको छ। संयोजक केसी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक हुन्। सदस्यहरूमा सेबोनबाट तीन, नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एन्ड क्लियरिङलिमिटेड र स्टक ब्रोकर एसोसिएसन अफ नेपालका तर्फबाट एक-एक जना प्रतिनिधि छन्। उक्त समितिलाई मार्जिन लेन्डिङ; इन्ट्राडे कारोबार, धितोपत्र सापटी तथा उधारो र सर्ट सेलिङका लागि गर्नुपर्ने कानुनी, प्राविधिक, सञ्चालन तथा प्रक्रियागत व्यवस्थामा सुझाव दिन भनिएको छ।

१५ किलो मल लिन ५ घण्टा लाइन



संजीप घिमिरे | *भक्तपुर*

चाँगुनारायण-२ दुबाकोटकी एक ७३ वर्षीया वृद्धा १५ किलो रासायनिक मलका लागि ५ घण्टा लाइन बस्नुपऱ्यो। 'धान र मकैमा मल मल आवश्यक भएपछि लाइन त बस्ने पऱ्यो, ज्येष्ठ नागरिक भनेर कसैले माया गरेनन्,' नाम बताउन अस्वीकार गरेकी उनले भनिन्।

भक्तपुर नगरपालिका-१ की ६० वर्षीया पार्वती बायजूको धान खेत थिएन। तर, लसुन र आलुका लागि उनले पनि लाइन बसेरै मल लिइन्। जिल्ला सहकारी संघले सल्लाघारीमा मल बाढ्दा मल लिन किसानहरू तँछाडमछाड गरिरहेका देखिन्थे। मल पाउनु उनीहरूका लागि कुनै युद्ध जित्नुभन्दा कम थिएन।

बाली लगाउने समय निश्चित भए पनि मल कहिले पाइन्छ भन्ने निश्चित नहुनु सरकारको लाचारी र असक्षमता भएको किसानको भनाइ छ। सरकारले किसानलाई कम महत्त्व दिएको उनीहरूले आरोप लगाए। 'हामीलाई सरकारको ठूलो आश्वासन चाहिँदैन, समयमा मल मात्रै उपलब्ध गराइदिए पुग्छ,' ३० वर्षीय युवा किसान विनोद श्रेष्ठले भने। सहकारीले कार्यालय समयभन्दा अघि नै लाइन बसाएर ज्यादती गरेको र लाइन बस्ने सबैलाई मल नदिएको भन्दै किसानहरूले आक्रोश पोखे।'सरकारले किसानको समस्या कहिल्यै सुनेन' हिक्मत थापाले भने, 'नयाँ सरकारले सुन्ला कि भनेको यसले पनि निराशा मात्र दियो।'

मध्यपुर थिमि राधेराधेकी विष्णुकुमारी श्रेष्ठले खेतीको लागि आवश्यक मल नपाएको र थोरै मलका लागि पनि घण्टौं लाइन बस्नुपरेको गुनासो गरिन्। अर्की किसान विमला श्रेष्ठले पनि हरेक वर्ष मलका लागि यसरी भौतारिनुपर्ने हो भने खेती गर्नुभन्दा अन्य विकल्प खोज्नुपर्ने महसुस भइरहेको बताउँछिन्।

लाइन बसेर पनि मल पाउन नसकेका किसानको दुःख झन् बेग्लै छ। उनीहरूले सरकार र आफ्नो नियतिलाई धिक्कार्दै दुःखित देखिएका थिए।

जिल्ला सहकारी संघका ब्यवस्थापक मेघनाथ घिमिरेले भने मल पर्याप्त नभएकाले लाइन बसेका १ सय २५ जनालाई मात्र उपलब्ध गराउन सकिएको बताए। 'प्रतिव्यक्ति १० किलो युरिया र ५ किलो डीएपी पुऱ्याउन सक्यौं,' घिमिरेले भने।

भक्तपुरका चार पालिकामध्ये चागुँनारायणका ३८, भक्तपुरका २९, सूर्यविनायकका १९ र मध्यपुर थिमिका ७ सहकारीले रसायनिक मल बिक्रीको स्वीकृति पाएका छन्। तर, किसानको मनमा भने सन्तुष्टि नभई चिन्ता मात्र देखिन्छ। मल पाउनै मुस्किल भएको उनीहरूको भनाइ छ। अधिकांश किसानले भनसुन र पहुँच हुनेले मल पाउने र सर्वसाधारणले लाइनमा बसेर पनि नपाउने अवस्था रहेको आरोप लगाएका छन्।

ग्यास कालोबजारी गरेको अभियोगमा बिक्रेता पक्राउ

भक्तपुर (अन्नपूर्ण): भक्तपुरको चाँगुनारायण नगरपालिका-२ दुबाकोटस्थित बारुदखाना चोकमा खाना पकाउने ग्यासको कालोबजारी गरेको अभियोगमा एक व्यापारी पक्राउ परेका छन्। पक्राउ पर्नेमा स्थानीय व्यापारी तुलसीराम त्वयना रहेको प्रहरीले जनाएको छ।

त्वयना किराना पसलको सञ्चालक रहेका उनले खाना पकाउने एलपी ग्यास उपभोक्तालाई प्रतिसिलिन्डर ७ हजार रुपैयाँको दरले बिक्री वितरण गरेको अभियोग छ। विशेष सूचनाको आधारमा प्रहरी प्रभाग दुबाकोटबाट प्रहरी नायब निरीक्षक खिलबहादुर दुलालको नेतृत्वमा खटिएको प्रहरी टोलीले शनिबार बिहान व्यापारी त्वयनालाई पक्राउ गरी अनुसन्धानका लागि जिल्ला प्रहरी वृत्त थिमिमा ल्याइएको वृत्तका प्रहरी निरीक्षक राजन थापाले बताएका छन्।

उपभोक्ताले अनलाइनबाट भुक्तानी गरी ग्यास खरिद गर्ना साथ प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो। प्रहरीले ३ थान भरिएको ग्यास सिलिन्डरसमेत बरामद गरेको बताएको छ। जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी रहेका डीएसपी दीपककुमार कार्कीले घटनाको पुष्टि गर्दै थप अनुसन्धान भइरहेको प्रतिक्रिया दिएका छन्।

पछिल्लो समय भक्तपुरमा पनि खाना पकाउने ग्यासको अभाव देखिएको छ र कतिपय व्यापारीहरूले यही मौकामा कृत्रिम अभाव देखाइ कालोबजारी गर्ने गरेका उपभोक्ताहरूको गुनासो छ। प्रहरी प्रशासनले यसतर्फ थप निगरानी बढाउन पर्ने सामाजिक अभियन्ता प्रेमध्वज मोक्तान बताउँछन्। 'प्रहरीले साना दोकानदारलाई मात्र होइन, ठूला व्यवसायीलाई पनि निगरानी गर्नुपर्ने देखिन्छ,' उनले भने।

कर नबढाइ मध्यपुर थिमिको राजस्व झन्डै दोब्बर

अन्नपूर्ण | *भक्तपुर*

मध्यपुर थिमि नगरपालिकाले करको दर नबढाइ आन्तरिक राजस्व संकलनमा उल्लेख्य वृद्धि गरेको छ। नगरपालिकाले गत आर्थिक वर्ष २०८२/८३ मा ५२ करोड ५६ लाख १ हजार ४ सय २७ रुपैयाँ आन्तरिक राजस्व संकलन गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा २७ करोड १७ लाख ५८ हजार ५ सय ८५ रुपैयाँ राजस्व संकलन भएको थियो। अघिल्लो वर्षको तुलनामा गत वर्षको राजस्व संकलन ९३.४० प्रतिशतले बढेको हो।

मध्यपुर थिमि नगरपालिकाको चारवर्षे विकास तथा उपलब्धिबारे शुक्रबार सञ्चारकर्मीसँगको अन्तरक्रियामा नगर प्रमुख सुरेन्द्र श्रेष्ठले करको दर बढाउनुको सट्टा करको दायरा विस्तार र राजस्व प्रशासनमा सुधार गरेर आम्दानी बढाइएको बताए।

राजस्व परामर्श समितिका संयोजकसमेत रहेका नगर उपप्रमुख विजय कृष्ण श्रेष्ठका अनुसार जनप्रतिनिधिले जिम्मेवारी सम्हालेको पहिलो आर्थिक वर्ष २०७८/७९ मा नगरपालिकाको आन्तरिक राजस्व १८ करोड ४५ लाख ९४ हजार ६ सय ६७ रुपैयाँ थियो। त्यसपछि २०७९/८० मा २४ करोड १३ लाख ३८ हजार ७ सय ४८, २०८०/८१ मा ३० करोड ४ लाख ४४ हजार ५ सय ६५ र २०८१/८२ मा २७ करोड १७ लाख ५८ हजार ५ सय ८५ रुपैयाँ राजस्व संकलन भएको थियो। गत वर्ष भने राजस्व संकलनले रेकर्ड कायम गऱ्यो।

घरबहाल करबाटै साढे १२ करोड

गत आर्थिक वर्ष नगरपालिकाले सबैभन्दा बढी राजस्व घरबहाल करतर्फबाट उठाएको छ। यस शीर्षकबाट १२ करोड ५५ लाख रुपैयाँ संकलन भएको छ।

नक्सा पास दस्तुरबाट १२ करोड ४८ लाख ३२ हजार रुपैयाँ, सम्पत्ति कर तथा भूमिकरबाट १० करोड ६० लाख २५ हजार रुपैयाँ र अन्य सेवा तथा बिक्रीबाट ७ करोड ७६ लाख रुपैयाँ आम्दानी भएको छ।

व्यवसाय करतर्फ २ करोड ७४ लाख रुपैयाँ र प्रशासनिक दण्ड तथा जरिवानाबाट करिब २ करोड ६० लाख रुपैयाँ संकलन भएको छ। विज्ञापन करबाट १ करोड २५ लाख र मनोरञ्जन करबाट ५० लाख रुपैयाँ आम्दानी भएको नगरपालिकाले जनाएको छ। उपप्रमुख विजयकृष्ण श्रेष्ठका अनुसार व्यवसाय दर्ता अभियान, अनलाइन राजस्व भुक्तानी, किस्ताबन्दीमा सम्पत्ति कर तिर्ने व्यवस्था, घरको नक्सा नियमित तथा अभिलेखीकरण, घरबहाल करको दर १० प्रतिशतबाट ५ प्रतिशतमा झार्ने निर्णयलगायतका कारण राजस्व संकलनमा सुधार आएको हो।

६२ करोड मौज्दात, ३६ करोडमा नगर भवन

नगर प्रमुख श्रेष्ठले संघीय सरकारले चालु आर्थिक वर्षमा पूर्वाधार विकासका लागि ५५ लाख रुपैयाँ मात्र बजेट पठाएको बताए। तर नगरपालिकासँग ६२ करोड रुपैयाँ मौज्दात रहेको र आफ्नै आन्तरिक स्रोतबाट ३६ करोड रुपैयाँको लागतमा सुविधासम्पन्न नगर भवन निर्माण सुरु गरिएको उनले जानकारी दिए।



जनप्रतिनिधिको टकरावले धरानको बजेट अन्योलमा

रत्नप्रसाद आचार्य | *सुनसरी*

जनप्रतिनिधिबीचको राजनीतिक टकरावका कारण धरान उपमहानगरपालिकाको बजेट प्रक्रिया बन्धक बनेको छ। आर्थिक वर्ष २०८३/८४ सुरु भएको महिना दिन बितिसक्न लाग्दासमेत धरान उपमहानगरपालिकाले नयाँ आर्थिक वर्षको बजेट ल्याउन सकेको छैन। असार १० गतेभित्र आगामी आर्थिक वर्षको बजेट नगरसभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था भए पनि एमाले, काँग्रेस र नेकपाबाट निर्वाचित जनप्रतिनिधिबीचको विवादका कारण बजेट निर्माण र नगरसभा सञ्चालन प्रक्रिया नै प्रभावित बनेको छ।

नेकपाबाट निर्वाचित धरानका कार्यबाहक मेयर अइन्द्रविक्रम बेघा तथा एमालेबाट निर्वाचित धरान-१५ का वडाध्यक्ष नरेश इवारम र काँग्रेसबाट निर्वाचित धरान-१८ का वडाध्यक्ष प्रवीण राईबीचको विवाद चर्किएपछि नगरपालिकाको बजेट प्रक्रिया रोकिएको हो। तीनै जनाबीच बजेट, योजना छनोट, निर्णय प्रक्रिया र नगरपालिकाको कार्यशैलीलाई लिएर मतभेद देखिँदै आएको छ। असार १० गतेभित्र बजेट पेस गर्नुपर्ने भए पनि समयसीमा गुज्रियो। त्यसपछि पनि विवाद समाधान हुन नसक्दा नगरसभा बस्न सकेको छैन।

आर्थिक वर्ष सुरु भएको लामो समयसम्म पनि बजेट नआएपछि नगरपालिकाको नियमित प्रशासनिक कामसँगै विकास निर्माणका योजना कार्यान्वयनमा समेत असर पर्न थालेको छ।

धरान-१५ का वडाध्यक्ष नरेश इवारमले आफूहरू बजेटको विरोधमा नरहेको तर कार्यबाहक मेयर बेघाले विधि र प्रक्रिया मिचेर मनोमानी गर्न खोजेकाले विरोध गर्नुपरेको बताए। उनका अनुसार नगरपालिकाका महत्त्वपूर्ण निर्णय जनप्रतिनिधिहरूबीच छलफल र सहमतिबाट हुनुपर्नेमा एकल ढंगले निर्णय गर्न खोजिएको छ।

'हामी बजेटको विरोधी होइनौं। बजेट जनताको आवश्यकता र प्राथमिकताका आधारमा आउनुपर्छ भन्ने हाम्रो धारणा हो। जनप्रतिनिधिलाई बेवास्ता गरेर मनोमानी ढंगले निर्णय गर्न खोजिएपछि विरोध गरेका हौं,' इवारमले भने। गनले नगरसभा कुनै व्यक्तिको इच्छा वा राजनीतिक स्वार्थअनुसार चल्ने संस्था नभएको भन्दै नगरपालिकाको निर्णय प्रक्रिया पारदर्शी र विधिसम्मत हुनुपर्ने बताए। नगरसभामा जनप्रतिनिधिको भूमिका र अधिकार सुनिश्चित नभएसम्म आफूहरूको असहमति कायम रहने उनको भनाइ छ।

समयमा बजेट नआउँदा यसको सबैभन्दा ठूलो असर नगरपालिकाको विकास निर्माण र सेवा प्रवाहमा पर्ने देखिएको छ। नयाँ आर्थिक वर्षका लागि योजना तथा कार्यक्रम स्वीकृत हुन नसक्दा स्वास्थ्य, शिक्षा, सडक, खानेपानी, सरसफाइ, पूर्वाधार, सामाजिक विकासलगायतका कार्यक्रम अघि बढाउन कठिन भएको छ। त्यस्तै बडा कार्यालयहरूले नयाँ आर्थिक वर्षका लागि प्राथमिकता निर्धारण गरेका योजना कार्यान्वयनमा लैजान सकेका छैनन्। उपभोक्ता समिति गठन, योजना सम्झौता, निर्माण कार्य अघि बढाउने तथा नयाँ कार्यक्रमका लागि रकम विनियोजन गर्ने प्रक्रिया प्रभावित भएको छ। बजेट पारित नभएसम्म नयाँ आर्थिक वर्षका धेरै कार्यक्रम कार्यान्वयनमा लैजान कानुनी तथा व्यावहारिक समस्या देखिएको नगरपालिकाका कर्मचारी हरूले बताएका छन्।



- आर्थिक वर्ष २०८३/८४ सुरु भएको महिनादिन बित्न लाग्दा पनि बजेट आएको छैन।
- कानुनअनुसार असार १० गतेभित्र बजेट नगरसभामा पेस गर्नुपर्ने भए पनि समयसीमा गुज्रिएको छ।
- कार्यबाहक मेयर अइन्द्रविक्रम बेघा, धरान-१५ का वडाध्यक्ष नरेश इवारम र धरान-१८ का वडाध्यक्ष प्रवीण राईबीच विवाद चर्किएको छ।

धरानका कार्यबाहक मेयर अइन्द्रविक्रम बेघाले भने इवारम र राईले नगरसभा सञ्चालनमै अवरोध सिर्जना गरेको आरोप लगाए। उनले नगरसभाजस्तो औपचारिक संस्थामा अपशब्द प्रयोग गर्ने, मर्यादाविपरीत व्यवहार गर्ने तथा बैठकको वातावरण बिगार्ने काम भएको दाबी गरे।

बेघाले आफूले कुनै पनि विषयमा मनोमानी गर्न नखोजेको दाबी गर्दै कानुन र प्रक्रियाअनुसार नगरपालिका सञ्चालन गर्न खोजेको बताए। जनप्रतिनिधिबीच असहमति र फरक मत हुनु स्वाभाविक भए पनि त्यसका कारण नगरपालिकाको नियमित काम प्रभावित हुनु जनताप्रतिको जिम्मेवारीबाट पन्छिनु भएको उनको भनाइ छ।

'मतभिन्नता राख्न पाइन्छ, प्रश्न उठाउन पाइन्छ। तर नगरसभामै अपशब्द बोल्ने, मर्यादाविपरीत व्यवहार गर्ने र बैठक अवरुद्ध गर्ने कुरा स्वीकार्य हुँदैन,' बेघाले भने।



सिटीले खोज्यो रोड्रीको विकल्प

इङ्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीले स्पेनका प्रभावशाली मिडफिल्डर रोड्रीको विकल्पका रुपमा नटिङ्घम फरेस्टका इलियट एन्डरसनलाई भित्र्याएको छ। रोड्रीका लागि बार्सिलोनासँग कुरा नमिलेपछि सिटीले इलियटलाई ११६ मिलियन पाउन्डमा क्वलमा भित्र्याएको हो।

रंगशाला

अन्नपूर्ण
annapurnapost.com

८



रेफ्रीलाई 'यौन सेवा' दिएको आरोपले दक्षिण कोरियाली फुटबलमा हलचल

एजेन्सी | *सोल*



दक्षिण कोरियाली फुटबलमा करिब डेढ दशक पुरानो एउटा घटनाले अहिले ठूलो तरंग ल्याएको छ। अन्तर्राष्ट्रिय खेलअघि विदेशी रेफ्रीहरूलाई 'यौन सेवा' उपलब्ध गराएको आरोप लागेपछि दक्षिण कोरिया फुटबल संघ (केएफए) आलोचनाको केन्द्रमा परेको छ। आरोप सार्वजनिक भएपछि संघले विगतमा त्यस्ता 'अप्रिय घटना' भएकोमा दु:ख व्यक्त गर्दै अहिले भने कडा आन्तरिक व्यवस्थापन निर्देशिका लागू गरिएको जनाएको छ।

दक्षिण कोरियाली सञ्चारमाध्यम जेटीबीसीले गरेको अनुसन्धान अनुसार सन् २०११ देखि २०१२ को अवधिमा केएफएले विदेशी रेफ्रीहरूलाई 'यौन सेवा' उपलब्ध गराएको दाबी गरिएको छ। अनुसन्धानमा विश्वकप छनोट, ओलम्पिक छनोट तथा मैत्रीपूर्ण खेलसहित कम्तीमा सात खेलसँग सम्बन्धित खर्चको विवरण भेटिएको उल्लेख छ।

रिपोर्टअनुसार जापान, संयुक्त अरब इमिरेट्स (यूएई), इरान, बहराइन र उज्बेकिस्तानलगायत देशका रेफ्री तथा म्याच अफिसियलहरूलाई दक्षिण कोरियाका विभिन्न सहरमा रहेका मसाज पार्लरमा लगिएको थियो। ती स्थानमा गरिएको खर्चको बिल तिर्न केएफएको कर्पोरेट क्रेडिट कार्ड प्रयोग गरिएको दाबीसमेत गरिएको छ। जेटीबीसीको अनुसन्धानले त्यतिबेला करिब २० जना म्याच अफिसियलले यस्तो सेवा लिएको देखाएको छ।

यो विषय अझ गम्भीर बन्नुको कारण तीमध्ये केही खेल विश्व फुटबलका महत्वपूर्ण प्रतियोगिताको छनोटसँग जोडिनु हो। रिपोर्टमा सन् २०१४ को ब्राजिल विश्वकपका लागि भएको छनोट तथा सन् २०१२ को लन्डन ओलम्पिक छनोटका खेलहरूमा समेत यस्तो गतिविधि भएको उल्लेख छ। २०११-१२ को सो अवधिमा दक्षिण कोरियाले सम्बन्धित सात खेलमा पाँच जित र दुई बराबरीको नतिजा निकालेको थियो। यद्यपि, ती खेलमा रेफ्रीको निर्णय वास्तवमै त्यस्तो 'सेवा'बाट प्रभावित भएको प्रमाणित भने भएको छैन। यही कारण घटनालाई लिएर अहिले दक्षिण कोरियाली फुटबलमा पारदर्शिता, नैतिकता र निष्पक्षताबारे बहस चर्किएको छ।

जेटीबीसीले सार्वजनिक गरेको अनुसन्धानका आधारमा यस्तो खर्च तत्कालीन समयमा 'चलन' जस्तै रहेको एक पूर्वकेएफए अधिकारीको बताएका छन्। संघले भने अहिले त्यस्तो अभ्यास नरहेको र संस्थाभित्र कडा व्यवस्थापन निर्देशिका लागू गरिएको दाबी गरेको छ।

यो प्रकरण सार्वजनिक हुनासाथ केएफएको विगतको कार्यशैलीमाथि प्रश्न उठेको छ। विशेषगरी अन्तर्राष्ट्रिय खेलको निष्पक्षता कायम गर्ने जिम्मेवारी बोकेको राष्ट्रिय फुटबल संघले नै रेफ्रीलाई प्रभावित पार्न सक्ने प्रकृतिको आतिथ्य गरेको भए त्यसले फुटबलको आधारभूत नैतिक मान्यतामाथि प्रहार गर्ने भन्दै आलोचना भएको हो। फुटबलमा रेफ्रीलाई खेलअघि कुनै पनि प्रकारको आर्थिक, भौतिक वा व्यक्तिगत लाभ उपलब्ध गराउनु गम्भीर नैतिक प्रश्नसँग जोडिन्छ। अझ त्यसको उद्देश्य रेफ्रीबाट अनुकूल निर्णय प्राप्त गर्नु थियो भने त्यो खेलको निष्पक्षता र प्रतिस्पर्धात्मक विश्वसनीयतामाथि सीधा प्रहार मानिन्छ।

यो घटना बाहिरिएको समयमा दक्षिण कोरियाली फुटबल आफैं अन्य विवादबाट गुज्रिरहेको छ। हालै मात्र राष्ट्रिय टोलीका प्रशिक्षक हङ म्युङ-बोको पुनर्नियुक्तिसँग सम्बन्धित प्रक्रियामाथि प्रहरीले अनुसन्धान अघि बढाएको छ। प्रहरीले गत अगस्ट ६ मा केएफएको कार्यालयमा छापा मारेर प्रशिक्षक नियुक्तिसम्बन्धी प्रक्रियाको अनुसन्धान गरेको थियो। त्यसअघि सन् २०२६ को विश्वकपमा दक्षिण कोरियाको निराशाजनक प्रदर्शनपछि पनि केएफएमाथि व्यापक आलोचना भएको थियो। दक्षिण कोरिया विश्वकपको समूह चरणबाटै बाहिरिएपछि संघले परिणामप्रति आधिकारिक रूपमा माफी माग्दै आलोचनालाई गम्भीरतापूर्वक सुन्ने प्रतिबद्धता जनाएको थियो।

अहिले सार्वजनिक भएको पुरानो रेफ्री प्रकरणले दक्षिण कोरियाली फुटबलको नेतृत्वमाथि थप दबाब सिर्जना गरेको छ। घटना डेढ दशक पुरानो भएकाले यसमा अहिले तत्काल कुनै खेलसम्बन्धी कारबाही हुने सम्भावना नरहे पनि यसको नैतिक र संस्थागत प्रभाव भने लामो समयसम्म रहने जनाइएको छ। सबैभन्दा महत्वपूर्ण प्रश्न भनेको, त्यतिबेला यस्तो गतिविधि भएको भए त्यसको जिम्मेवारी कसले लिने र त्यसबाट प्रभावित खेलहरूको विश्वसनीयता कसरी पुनर्स्थापित गर्ने भन्ने हो।

दक्षिण कोरियाली फुटबल संघले अहिले आफ्नो प्रणाली सुधारिएको दाबी गरेको छ। तर आलोचकहरूका लागि माफी वा दु:ख व्यक्त गर्नु मात्र पर्याप्त नहुन सक्छ। उनीहरूले घटनाको स्वतन्त्र छानबिन, त्यसबेलाका निर्णय प्रक्रियाको समीक्षा र भविष्यमा यस्ता गतिविधि दोहोरिन नदिने ठोस प्रतिबद्धता आवश्यक रहेको बताएका छन्।

विश्व फुटबलमा रेफ्रीको निष्पक्षता खेलको मेरुदण्ड मानिन्छ। मैदानमा हुने हरेक निर्णयमाथि खेलाडी, प्रशिक्षक र समर्थकको विश्वास कायम रहनुपर्छ। त्यसैले रेफ्रीलाई यौन सेवा उपलब्ध गराएको आरोप केवल एउटा पुरानो प्रशासनिक कमजोरीको विषय नभई फुटबलको निष्पक्षता र विश्वसनीयतासँग जोडिएको गम्भीर प्रश्न बनेको छ। दक्षिण कोरियाली फुटबल अहिले यही प्रश्नको सामना गरिरहेको छ। मैदानमा खेलाडीले जितेको खेलको परिणाममाथि विश्वास गर्ने आधार कति बलियो छ, यदि मैदानबाहिर रेफ्रीलाई प्रभावित पार्ने प्रयास भएको थियो भने ? यही प्रश्नको स्पष्ट जवाफ दिनु अब केएफएको सबैभन्दा ठूलो चुनौती बनेको छ।

कात्तिक ९ देखि एनपीएल



अन्नपूर्ण | *काठमाडौं*

नेपाल प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करण कात्तिक ९ गतेदेखि आयोजना हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्काले शनिबार विज्ञप्ति जारी गर्दै एनपीएलको तेस्रो संस्करण कात्तिक ९ देखि मंसिर ५ गतेसम्म सञ्चालन गर्ने जानकारी दिएको हो। 'एनपीएलको तेस्रो संस्करण आगामी कात्तिक ९ देखि मंसिर ५ गतेसम्म हुने बेहोरा अवगत गराउँछौं', क्यान सचिव पारस खड्काले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

एनपीएलको तेस्रो संस्करणका लागि नेपाली खेलाडीको अक्सन सम्पन्न भइसकेको छ। अहिले फ्रेन्चाइज टोलीहरूले विदेशी खेलाडी अनुबन्ध गरिरहेका छन्। क्यानले घोषणा गरेको मिति दसैंलगत्तै परेको छ। घोषित मिति अनुसार एनपीएल तिहारको समयमा पनि निरन्तर रुपमा सञ्चालन हुने भएको छ। एनपीएलको पहिलो संस्करण मंसिर १ देखि र दोस्रो संस्करण मंसिर १५ गतेदेखि सञ्चालन भएको थियो।

एनपीएलमा विराटनगर किङ्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौं गोर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स गरी आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्। एनपीएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्स र दोस्रो संस्करणको उपाधि लुम्बिनी लायन्सले जितेको थियो।

हरमित जनकपुरको कप्तान

अमेरिकाका अलराउन्डर हरमित सिंहले नेपाल प्रिमियर लिग (एनपीएल) तेस्रो संस्करणमा जनकपुर बोल्ट्सको कप्तानी गर्ने भएका छन्। एनपीएलको पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्सले शनिबार आफ्नो सामाजिक सञ्जालबाट हरमितलाई अनुबन्धन गरेको जानकारी दिँदै उनलाई कप्तानको जिम्मेवारी दिएको घोषणा गरेको हो।

देव्रेहाते स्पिन अलराउन्डर हरमितले एनपीएलका यसअघिका दुई संस्करण सुदूरपश्चिम रोयल्सबाट खेलेका थिए। उनले दुवै संस्करणमा सुदूरपश्चिमलाई उपविजेता बनाउन 'अलराउन्ड' भूमिका खेलेका थिए।

जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत निरोज खतिवडाले हरमितलाई पहिलो संस्करणको च्याम्पियन टोलीमा भित्र्याउन पाउँदा निकै उत्साहित रहेको बताए। 'हरेक सफल टोलीको आधार केवल उत्कृष्ट खेलाडी मात्र होइन, सशक्त नेतृत्व पनि हो। नयाँ सिजनसँगै जनकपुर बोल्ट्स नयाँ ऊर्जा, नयाँ सोच र नयाँ संकल्पका साथ अगाडि बढ्ने तयारी गरिरहेको छ। यही यात्राको नेतृत्व गर्ने जिम्मेवारी हामीले हरमितलाई सुम्पिएका छौं', उनले भने।

एनपीएलको पहिलो संस्करणमा आसिफ शेख मार्की खेलाडी रहे पनि अनिल साहको कप्तानीमा जनकपुरले उपाधि जितेको थियो। दोस्रो संस्करणमा कमजोर नतिजा निकालेको जनकपुरले अनिललाई हटाएर वायन पार्नेललाई कप्तान बनाएको थियो।

मिलन धर्मस्थली च्याम्पियन

अन्नपूर्ण | *काठमाडौं*



पाँचदिने प्रतियोगितामा ३२ टिमले लिग कम नकआउटका आधारमा प्रतिस्पर्धा गरेका थिए।

मिलन धर्मस्थलीले तारकेश्वर कप विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिताको उपाधि जितेको छ। तारकेश्वर नगरपालिकाको आयोजनामा शेषमतिमा भएको फाइनलमा मिलन धर्मस्थलीले सिर्जना ज्ञान सागरलाई २-१ गोलले पराजित गरेको थियो। मिलन धर्मस्थलीलाई जिताउन दुवै गोल तेन्जिङ तामाङले गरेका थिए।

ग्राम सेवाले प्रारम्भ वर्ल्ड स्कुललाई २-० गोलले हराउदै तेस्रो स्थान हात पार्न सफल भएको थियो। ग्राम सेवाको जितमा दुवै गोल सरोज बरामले गरेका थिए। शीर्ष तीनमा रहने टिमले क्रमश: १० हजार, पाँच हजार र तीन हजार नगद पुरस्कार प्राप्त गरेका थिए।

प्रतियोगितामा मिलन धर्मस्थलीका तेन्जिङ तामाङ सर्वोत्कृष्ट खेलाडी घोषित भए। तेन्जिङ प्रतियोगिताकै सर्वाधिक गोलकर्ता पनि बने। सिर्जना ज्ञान सागरका प्रिन्स थापा मगर उदयीमान खेलाडी, मिलन धर्मस्थलीका शशि तामाङ उत्कृष्ट गोलरक्षक र मिलन धर्मस्थलीकै प्रवीण गुरुङ उत्कृष्ट प्रशिक्षक चुनिएका थिए। उत्कृष्ट सबैले जनही पाँच हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे।

विजेतालाई तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जन, उपमेयर सिर्जना बुर्लाकोटी, प्रमुख प्रशासकीय अधिकृत धर्मराज लम्साल, नगर खेलकुद विकास समितिका अध्यक्ष विक्रम खड्गीतलगायतले पुरस्कृत गरेका थिए।

पाँचदिने प्रतियोगितामा ३२ टिमले लिग कम नकआउटका आधारमा प्रतिस्पर्धा गरेको नगर खेलकुद समितिका अध्यक्ष खड्गीले जानकारी दिए। समापन कार्यक्रममा बोल्दै नगर प्रमुख महर्जनले तारकेश्वर नगरपालिकालाई 'खेलकुदको हब' बनाउने लक्ष्यका साथ यस आर्थिक वर्षमा पनि विभिन्न खेलकुद प्रतियोगिता र कार्यक्रमलाई बजेट बिनियोजन गरिएको बताए। उनले काठमाडौं जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्डमा तारकेश्वर नगरपालिका लगातार तीन पटक च्याम्पियन बनेको प्रसंग निकाल्दै खेलकुदको विकास र विस्तारसँगै खेलाडीको वृत्ति विकासमा पनि नगरपालिकाले काम गर्दै आएको दाबी गरे।



स्वस्तिकालाई वाइल्ड कार्ड

अन्नपूर्ण | *काठमाडौं*

तेक्वान्दो खेलाडी स्वस्तिका तामाङले २०औं एसियाली खेलकुद प्रतियोगिताका लागि वाइल्ड कार्ड पाएकी छन्। यसअघि मंगोलियामा आयोजना भएको छनोट प्रतियोगितामार्फत छनोट हुन असफल भएकी उनले 'रिप्लेसमेन्ट कोटा'मा वाइल्ड कार्ड पाएको नेपाल तेक्वान्दो संघका महासचिव हेमन्त डाँगीले जानकारी दिए। 'वाइल्ड कार्ड ढिलोगरी आयो। हामीले पनि शुक्रबार साँझ मात्रै थाहा पाएका हौं। यो हाम्रा लागि खुसीको कुरा हो', नेपाल तेक्वान्दो संघका महासचिव डाँगीले भने, 'उनको उमेर समूहमा रहेका कोही खेलाडी नखेल्ने भएपछि उनले अवसर पाएकी हुन्।'

विभागीय टोली त्रिभुवन आर्मी क्लबमा आवद्ध स्वस्तिकाले महिला एकल पुम्सेको ३० वर्षमुनि स्पर्धामा प्रतिस्पर्धा गर्ने छिन्। उनी राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको 'मिसन २०२६'मा पनि आवद्ध थिइने। स्वस्तिकाले एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न लागेको दोस्रो पटक हो। यसअघि सन् २०२२ मा चीनको हाङझावमा भएको १९औं एसियाली खेलकुदमा पनि उनले प्रतिस्पर्धा गरेकी थिइन्।

स्वस्तिकासँगै २०औं एसियाली खेलकुदमा तेक्वान्दोका तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। यसअघि ग्योरोगीको पुरुष ८० केजीमुनिको तौल समूहमा अभिषेक बराल र पुम्सेको पुरुष ३० वर्षमुनिको एकल पुम्सेमा युवराज राना छनोट भएका थिए। अभिषेक अन्तर्राष्ट्रिय वरीयताका आधारमा उत्कृष्ट १६ मा पर्दै एसियाली खेलकुदमा छनोट भएका हुन्। युवराजले भने वाइल्ड कार्डमार्फत एसियाली खेलकुदमा आफ्नो सहभागिता सुनिश्चित गरेका हुन्।

यससँगै जापानको आइची-नागोया सहरमा हुने २०औं एसियाली खेलकुदमा नेपालबाट २२ खेलका एक सय ३७ खेलाडीले सहभागिता जनाउने भएका छन्। जसमा ८० पुरुष र ५७ महिला गरी एक सय ३७ खेलाडी सहभागी हुने भएका हुन्।

यसैगरी पारा तेक्वान्दोमा पलेसा गोवर्द्धन र रेनु तामाङ छनोट भएका छन्। पलेसा के-४४ विधाअन्तर्गत महिला ५७ केजीमुनि विश्व वरीयताका आधारमा छनोट भएकी हुन्। पलेसा विश्व वरीयताको १०औं स्थानमा छिन्।



नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**